# अध्याय एक

# शोध परिचय

## अध्ययनको पृष्ठभूमि

भाषाको सबैभन्दा ठूलो अर्थयुक्त सम्प्रेषणात्मक अभिव्यक्ति नै सङ्कथन हो, भने सङ्कथन संरचनाको व्याख्या तथा विश्लेषण गर्ने कार्यलाई सङ्कथन विश्लेषण भनिन्छ । भाषिक व्यवस्थाभित्र ध्वनि, वर्ण, रूप, शब्द, पद, उपवाक्य, वाक्य र सङ्कथनको शृङ्खला रहेको हुन्छ । भाषामा वाक्य व्याकरणिक दृष्टिले सबैभन्दा ठूलो एकाइ हो, भने अभिव्यक्तिको दृष्टिले सङ्कथन भाषाको सबैभन्दा ठूलो एकाइ हो । सङ्कथन भाषाको पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । सङ्कथनभित्र अनुच्छेद, वाक्य, वाक्यांश, पदावली, शब्द र रूपहरू रहन्छन् । भाषाको सिङ्गो एवम् पूर्ण अभिव्यक्तिको वैज्ञानिक हिसाबले अध्ययन विश्लेषण गर्ने प्रायोगिक भाषाविज्ञानको एक नवीनतम शाखाका रूपमा सङ्कथन विश्लेषणलाई लिइन्छ । सङ्कथन विश्लेषणमा कथ्य र लेख्य भाषाका भाषिक एकाइहरूको अध्ययन गरिन्छ ।

सङ्कथनलाई कथ्य र लेख्य गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ । कथ्य सङ्कथनअन्तर्गत कुराकानी, छलफल, भाषण, प्रवचन, संवाद, वादविवाद आदि पर्दछन् । लेख्य सङ्कथनअन्तर्गत महाकाव्य, उपन्यास, कविता, निबन्ध, नाटक, चिठी, मुक्तक, हाइकु लगायतका सम्पूर्ण लिप्यात्मक विधाहरू समेटिन्छन् ।

व्युत्पत्तिगत दृष्टिले हेर्दा संस्कृतको 'कथ्' धातुमा 'सम्' उपसर्ग र 'अन' परसर्ग गाँसिएर 'सङ्कथन' शब्दको निर्माण भएको हो । यसको अर्थ अभिव्यक्तिको सिङ्गो रूप, समग्र कथन वा प्रोक्ति भन्ने हुन्छ । सङ्कथन अङ्ग्रेजी भाषाको 'डिस्कोर्स' शब्दको नेपाली रूपान्तरण हो । 'डिस्कोर्स' शब्दको अर्थ कथ्यलेख्य रूपमा कुनै विषयमा भएको कुराकानी वा छलफल भन्ने हुन्छ (पौडेल, २०६९, पृ. १५) । यसरी व्युत्पत्तिगत आधारमा हेर्दा सङ्कथन भनेको कुनै विषयमा गरिएको कुराकानी छलफल वा बोल्नु भन्ने हुन्छ ।

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको एक नवीनतम शाखा हो । यसको सुरूवात सन् १९५२ मा जेलिङ ह्यारिसबाट भएको भए पनि सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकासलाई हेर्दा सङ्कथन विश्लेषणको विधिवत् विकास १९६० को दशकपछि भएको

देखिन्छ । 'सङ्कथन' शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति पाश्चात्य भाषाविद् जेलिङ एस ह्यारिस हुन् । सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास प्रतीक विज्ञान (emiotics) र आख्यान (narrative) को अध्ययन गर्ने फ्रान्सेली पद्धत्ति डेल हाइम्स (१९६४) को भाषामा सामाजिक सन्दर्भसँग सम्बन्धित रहेको देखिन्छ (अधिकारी, २०५६, पृ. २६९) ।

जेलिङ एस. ह्यारिस (१९५२) अनुसार सङ्कथन भनेको वाक्यहरूको अन्तरसम्बन्ध हो । नोम चमस्की (१९८०) अनुसार सङ्कथन सामर्थ्य भनेको भाषिक सामर्थ्यको एउटा अंश हो । इन्साइक्लोपेडिका डिक्सनरी अफ एप्लाइड लिङ्ग्विस्टिक्स (१९९९) अनुसार सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक प्रयोगमा भएका अर्थ, उद्देश्य र एकत्वसम्बन्धी ग्रहण प्रक्रियाहरू कसरी फैलिएका छन् भन्ने कुराको अध्ययन हो । डेभिड नुनान (१९९३) अनुसार सङकथन विश्लेषण भनेको सङ्कथनको कार्यात्मक विश्लेषण हो; यो कहिलेकाही पाठ विश्लेषणभन्दा फरक भई भाषाको औपचारिक विश्लेषणमा जोड दिन्छ ।

सङ्कथन बन्नका लागि आवश्यक पर्ने युक्तिहरू सङकथनमा छ कि छैन भनी सङकथन विश्लेषण गरिन्छ । सङ्कथन विश्लेषणका लागि सम्बद्धक र सम्बद्धनलाई आधार बनाइन्छ । कुनै पनि सङ्कथन पूर्ण हुनका लागि उक्त पाठ वा सङ्कथनमा भएका युक्ति सम्बद्धक र सम्बद्धन एक आपसमा संयोजन भएको हुनुपर्छ । सम्बद्धक भनेको पाठभित्रका व्याकरणिक तथा शाब्दिक एकाइहरूका बिचको सम्बन्ध हो । यसकारण सम्बद्धक भाषिक वा भाषातात्त्विक पक्षसँग सम्बन्धित छ । सम्बद्धन भनेको सङ्कथन र परिवेशका बिचको आपसी सम्बद्धता हो । यो भाषेत्तर वा परिवेशात्मक पक्षसँग सम्बन्धित हुन्छ । अतः सम्बद्धकमा सङ्कथनको बाह्य पक्षको अध्ययन गरिन्छ भने सम्बद्धनमा आन्तरिक पक्षको अध्ययन गरिन्छ । प्रस्तुत शोधकार्यमा एउटा विचारको यात्रापथ कथामा प्रयुक्त सम्बद्धकले पाठलाई पठनीय र सम्प्रेषणात्मक बनाउन सकेको छ वा छैन भनी अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै 'एउटा बिचारको यात्रापथ' कथामा प्रयुक्त सम्बद्धकले पाठलाई जोड्ने जोर्नीको कार्य गरेको छ वा छैन सङ्कथन निर्माणमा व्याकरणिक र कोशीय सम्बद्धकको भूमिकाको अध्ययन विश्लेषण गरिएको छ ।

**समस्या कथन**

कुनै पनि अनुसन्धानात्मक कार्य निश्चित समस्यामा आधारित भएर सम्पन्न गरिन्छ । अनुसन्धान शीर्षकलाई केन्द्रविन्दुमा राखेर समस्या कथन तयार पारिन्छ । समस्या

अभ्यास र नीतिका बिचको भिन्नता हो । अतः समस्याका आधारमा उद्देश्य निर्माण गरी शोधकार्य अगाडि बढाइने भएकाले समस्यालाई विशिष्टीकरण गर्नुपर्छ ।

प्रस्तुत शोधकार्यको मुख्य समस्या क्षेत्र  सङ्कथन विश्लेषणसँग रहेको छ । यस शोधको मुख्य समस्या 'एउटा विचारको यात्रापथ' कथाको सङकथन विश्लेषण गर्नु हो । उक्त कथामा सम्बद्धकको प्रयोगगत उपयुक्तता के कस्तो रहेको छ ? उक्त कथामा शब्द, पदावली, उपवाक्य र वाक्यका बिचमा के कस्ता युक्तिहरूको प्रयोग गरिएको छ ? जस्ता पक्षको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको समस्या हो । समग्रमा यो शोधपत्रको समस्या इन्द्र बहादुर राईद्वारा रचित 'कथास्था' (२०२८) कथा सङ्ग्रहभित्रको 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ ।

**शोधको उद्देश्य**

समस्याको कथनमा उल्लेख गरिएका प्रश्नहरूको स्पष्ट र विशिष्ट तवरले उल्लेख गरिएका वाक्यांशलाई नै उद्देश्य भनिन्छ । प्रस्तुत शोधका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूको अध्ययन गर्नु,

(ख) 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त कोशीय सम्बद्धकहरूको अध्ययन गर्नु,

(ग) 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त सम्बद्धकहरूको सङ्कथन निर्माणमा रहेको भूमिका विश्लेषण गर्नु ।

**अनुसन्धान प्रश्नहरू**

प्रस्तुत शोधका अनुसन्धान प्रश्नहरू निम्नलिखित रहेका छन् :

(क) 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त व्याकरणिक सम्बद्धक के कस्ता रहेका छन् ?

(ख) 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त कोशीय सम्बद्धक के कस्ता रहेका छन् ?

(ग) 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त सम्बद्धकहरूको सङ्कथन निर्माणमा के-कस्तो भूमिका रहेको छ ?

## अध्ययनको औचित्य

कुनै पनि खोज अनुसन्धान आफैमा महत्त्वपूर्ण र सान्दर्भिक हुन्छ । प्रस्तुत शोधकार्यले पनि सङ्कथनको सैद्धान्तिक आधार प्रदान गरी उक्त सिद्धान्तका आधारमा कृतिको विश्लेषण गर्न, लेख तयार गर्न, समालोचकलाई समालोचना गर्न सहयोग पुग्ने भएकाले यो कार्य औचित्यपूर्ण र सान्दर्भिक रहेको छ । सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने शोधकर्तालाई सैद्धान्तिक आधार प्रदान गर्न विभिन्न लेख रचनाहरूमा उचित किसिमले सम्बद्धक र सम्बद्धनको प्रयोग भएको छ वा छैन मूल्याङ्कन गर्ने आधार प्रदान गर्न प्रस्तुत शोधकार्य उपयोगी छ । विभिन्न साहित्यिक कृतिहरूमा सङ्कथनका युक्तिहरूको प्रयोग समुचित रूपमा भए नभएको पहिल्याउन प्रस्तुत शोधकार्यको औचित्य रहेको छ ।

प्रस्तुत इन्द्र बहादुर राईद्वारा रचित 'एउटा विचारको यात्रापथ' कथा 'कथास्था' कथा सङ्ग्रह भित्रको कथा हो । यसको सङ्कथन विश्लेषणमा आधारित भई हालसम्म अनुसन्धान कार्य सम्पादन गरिएको छैन, तसर्थ 'एउटा विचारको यात्रापथ' कथा सम्बद्धकका दृष्टिले के कस्तो छ भनी अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ । सङ्कथन विश्लेषणसम्बन्धी स्नातकोत्तर तहमा अनुसन्धान नभएका भने होइनन्, तर ह्यालिडे र हसन (सन् १९७६) जस्ता विद्वानहरूको मान्यतामा आधारित रहेर सङ्कथनको अध्ययन विश्लेषणको अभाव रहेकाले यसको औचित्य अझै बढी रहेको छ । त्यस्तै कथामा प्रयुक्त पाठ, संरचना र भाषालाई आधार मानी यथार्थपरक अध्ययन विश्लेषण गरिएकाले यसबाट निस्किएको परिणाम बस्तुपरक रहेको छ ।

निष्कर्षमा यो शोधले सङ्कथन विश्लेषणको बारेमा अध्ययन अनुसन्धान गर्न चाहने सबैलाई सहयोग हुन्छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्न, पछिल्ला शोधकर्तालाई मार्ग निर्देशन गर्न, सङ्कथन विश्लेषणसम्बन्धी ज्ञानको भण्डार बृद्धि गर्न यो शोधकार्य सान्दर्भिक र औचित्यपूर्ण रहेको छ । यसबाट श्रष्टालाई सङ्कथनका युक्तिको यथोचित प्रयोग गरी कृति रचना गर्न तथा समालोचकहरूलाई सङ्कथनका युक्तिमा आधारित भई समालोचना गर्न सहयोग पुग्छ । अन्ततः सङ्कथन विश्लेषणको सैद्धान्तिक अध्ययन गरी त्यसका आधारमा कृतिको रचना तथा विश्लेषण गर्न प्रस्तुत शोधपत्र उपयोगी र महत्त्वपूर्ण रहेको छ ।

## अध्ययनको परिसीमा

अनुसन्धानलाई विशिष्ट बनाउन, आवश्यक कुरालाई नछुटाई अनावश्यक कुरालाई नदोहोऱ्याई शोधकार्यलाई व्यवस्थित र उद्देश्यमूलक बनाउन सीमाङ्कनको आवश्यकता पर्दछ । 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषण गर्दा व्याकरणिक र कोशीय सम्बद्धकको अध्ययनमा सीमाङ्कन गरिएको छ । अनुसन्धान कार्य कुनै खास विशिष्ट क्षेत्रमा आधारित भएर गरिन्छ । अतः कुनै पनि अनुसन्धानले अध्ययनका सम्पूर्ण क्षेत्रलाई समेट्न सक्दैन । यसकारण अनुसन्धानले एकैचोटी सम्पूर्ण पक्षलाई समेट्न नसक्ने हुँदा आफ्नो अध्ययनलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । प्रस्तुत शोध निम्नलिखित कुरामा सीमित रहेको छ :

(क) प्रस्तुत शोध 'कथास्था' कथा सङ्ग्रहमा आधारित रहेको छ ।

(ख) प्रस्तुत शोध 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत शोध 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त सम्बद्धकको अध्ययनमा आधारित रहेको छ ।

(घ) प्रस्तुत शोध 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त व्याकरणिक र कोशीय सम्बद्धक पहिचानमा सीमित गरिएको छ ।

(ङ) प्रस्तुत शोध 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त सम्बद्धकको सङ्कथन निर्माणमा रहेको भूमिकाको विश्लेषणमा केन्द्रित रहेको छ ।

## शोधको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तिन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : व्याकरणिक सम्बद्धकका आधारमा 'एउटा विचारको यात्रापथ' कथाको विश्लेषण

अध्याय पाँच : कोशीय सम्बद्धकका आधारमा 'एउटा विचारको यात्रापथ' कथाको विश्लेषण

अध्याय छ : 'एउटा विचारको यात्रापथ' कथा निर्माणमा सम्बद्धकको भूमिका

अध्याय सात : निष्कर्ष र उपादेयता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको पुनरावलोकन

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०७३, पृ. १६९) । पूर्वकार्यको समीक्षाले समस्यालाई स्पष्ट रूपमा परिभाषित गर्न, अनुसन्धानको औचित्यलाई प्रस्ट पार्न, उपयुक्त विधिको छनोट गर्न, तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न सजिलो हुन्छ । त्यस्तै सम्बन्धित क्षेत्रमा अहिलेसम्म के कस्ता अनुसन्धान सम्पन्न भए र के कति हुन बाँकी छन् भन्ने कुराको जानकारी पनि पूर्वकार्यको समीक्षाबाट प्राप्त हुन्छ । प्रस्तुत अध्ययन सङ्कथन विश्लेषणमा केन्द्रित भएकाले यससँग सम्बन्धित विभिन्न पुस्तक, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदन आदिको अध्ययन गर्नु साहित्यको पुनरावलोकन हो । सङ्कथन विश्लेषणसम्बन्धी यसपूर्व विभिन्न शोधकार्यहरू सम्पन्न भएका पाइन्छन् । यस विषयसँग सम्बन्धित विभिन्न पुस्तक, लेख र शोधपत्रको पुनरावलोकन निम्नानुसार रहेको छ :

## पुस्तकहरूको पुनरावलोकन

ढुङ्गेल र दाहाल (२०६२) ले सङ्कथन विश्लेषणको परिचयसहित विभिन्न विद्वानका परिभाषा समेत उल्लेख गरेका छन् । भाषाको प्रसङ्गसँग सम्बन्धित सम्प्रेषणात्मक कार्य सङ्कथन हो । डेभिड नुनानकाअनुसार सङ्कथन विश्लेषण भन्नाले सङ्कथनको कार्यात्मक विश्लेषण भन्ने बुझिन्छ, भन्ने कुरालाई उल्लेख गरेका छन् । त्यस्तै सङ्कथनका तत्त्वहरू, सङ्कथन विश्लेषणका दुई ओटा पक्ष पहिलो पक्ष वाक्य अथवा बोलीहरूकाबिच रहने सम्बन्धमा केन्द्रित हुन्छ जसद्वारा साञ्चारिक कार्यहरूको वर्गहरू निर्धारण गर्न सकिन्छ । दोस्रो पक्ष चाहिँ शृङ्खलामा आएका बोलीहरूको साञ्चारिक सङ्गतिमा केन्द्रित हुन्छ भन्ने कुराको चर्चा गरिएको छ । साथै सङ्कथन र पाठमा अन्तर, पाठका स्तरहरू, सम्बद्धकका प्रमुख उपकरणहरूको बारेमा व्याख्या गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

पौडेल (२०६९) ले सङ्कथन विश्लेषणको बारेमा चर्चा गरेका छन् । सङ्कथनको अर्थ अभिव्यक्तिगत समग्रता हो, भने सङ्कथन विश्लेषणमा भाषा प्रयोगका क्षेत्रमा देखिने अनियमितता वा नियमितताहरूको पहिचान र वर्णन गरिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै कथ्य सङ्कथन र लेख्य सङ्कथन, सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धन , सङ्कथनका तत्त्वहरू, सङ्कथन विश्लेषण र भाषा शिक्षणको बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

ढकाल (२०७०) ले सङ्कथन विश्लेषणका सम्बन्धमा चर्चा गरेको पाइन्छ । सुरू सुरूमा सङकथन विश्लेषण संवाद विश्लेषणका रूपमा चिनिन्थ्यो तर हिजोआज यो पाठ र आख्यान विश्लेषणका रूपमा चिनिन थालेको छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै सङ्कथनका प्रकार (कथ्य र लेख्य), सङ्कथनका युक्तिहरू (सम्बद्धक र सम्बद्धन), सङ्कथनका तत्त्वहरू, भाषिक सङ्केत र परिवेशका बारेमा विस्तृत चर्चा गरिएको पाइन्छ । यसबाट प्रस्तुत शोधको लागि सैद्धान्तिक आधार प्राप्त हुने भएकाले अध्ययनको आधार बनाइएको छ ।

पौडेल र पोखरेल (२०७१) ले सङ्कथन र सङ्कथन विश्लेषणको परिचय, पृष्ठभूमि, विकास, सङ्कथनको क्षेत्र, प्रकारहरू, कथ्य र लेख्य सङ्कथनको बारेमा चर्चा गरेका छन् । त्यस्तै सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू, सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा 'एकान्त' कथाको विश्लेषण गरेका छन् । यसकारण उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

लामिछाने (२०७०) ले सङ्कथन विश्लेषणको बारेमा चर्चा गरेका छन् । सम्प्रेषणात्मक क्षमता भएको वाक्यभन्दा माथिल्लो समग्र अभिव्यक्तिको वस्तुपरक विश्लेषणलाई नै सङ्कथन विश्लेषण भनिन्छ र सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको विकासशील तथा नवीन शब्द हो भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै सङ्कथनको आफ्नै व्याकरण हुने भएकाले सिङ्गो अभिव्यक्तिमा आएका वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद र सङ्कथनको सामाजिक, आर्थी, सन्दर्भात्मक अभाषिक तत्त्व जस्ता चौतर्फी पक्षको विश्लेषण सङ्कथन विश्लेषणमा गरिन्छ भन्ने कुराको चर्चा गरिएको

छ । साथै सम्बद्धन (कोहेरेन्स) र सम्बद्धक (कोहेजन) को भूमिका उल्लेख गर्दै सङ्कथनका तत्त्वहरू बारेमा पनि चर्चा गरिएको छ । त्यसकारण उक्त पुस्तकलाई शोध सामग्रीका रूपमा लिइएको छ ।

बन्धु (२०७३) ले सङ्कथन विश्लेषणको बारेमा सैद्धान्तिक चर्चा गरेका छन् । उक्त पुस्तकमा सङ्कथनभित्र अनुच्छेद, वाक्य, वाक्यांश, पदावली, शब्द र रूपहरू रहन्छन् । रूप तथा उपसर्ग र प्रत्ययहरू मिलेर शब्द बन्दछन् । यस्ता शब्दहरू मिलेर पदावली बन्दछन्, यस्ता पदावलीले वाक्यांशको निर्माण गर्छन् र वाक्यांशहरू मिलेर वाक्य बन्दछन् । वाक्यहरू मिलेर प्रकरण र प्रकरणहरू मिलेर सङ्कथन बन्दछन् । सङ्कथन भनेको वाक्यभन्दा माथिको आफैँमा पूर्ण अभिव्यक्ति हो । सङ्कथनलाई पाठ पनि भनिन्छ । सामान्य रूपमा लिखित रूपलाई पाठ र कथ्य रूपलाई सङ्कथन भनिन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

अधिकारी (२०७४) ले सङ्कथन विश्लेषणको बारेमा सैद्धान्तिक चर्चा गरेका छन् । सङ्कथन भाषाको खास कथन घटनासँग सम्बन्धित हुन्छ । सङ्कथन विश्लेषणले कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूको अध्ययन गर्दछ भन्ने कुराको चर्चा गरिएको छ । त्यस्तै सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास, सङ्कथन विश्लेषणको महत्त्व, सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको पनि चर्चा गरिएको छ । साथै सम्बद्धकका प्रकार, सङ्कथनका तत्त्वहरू, सङ्कथनको महत्त्व उल्लेख गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

**शोधपत्रको पुनरावलोकन**

पोखरेल (२०६८) द्वारा ‘एकान्त’ कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधमा ‘एकान्त’ कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको पहिचान गर्नु, उक्त कथामा सम्बद्धकले के कसरी कार्य गरेको छ र त्यसको उपयुक्तता केलाउनु जस्ता उद्देश्य राखिएको छ । उक्त अध्ययन पुस्तकालयीय अध्ययनमा आधारित भई वर्णनात्मक हिसाबले व्याख्या विश्लेषण गरिएको छ । अध्ययनमा कुनै पनि पाठको

विश्लेषणमा घटनाको उच्च रैखिक निरन्तरता नभए पनि त्यहाँको पृष्ठभूमि र परिवेशको आधारमा वैचारिक अन्तः सूत्रको निरन्तरतालाई पहिल्याउन सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ । सम्बद्धकको पहिचान र विश्लेषणमा केन्द्रित उक्त शोधपत्रले प्रस्तुत शोधपत्र तयार गर्न सहयोग गर्ने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

शर्मा (२०७५) द्वारा 'तस्वीर' कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त अध्ययनमा 'तस्वीर' कथामा प्रयुक्त सम्बद्धकको पहिचान गरी तिनको उपयुक्तता निर्क्योल गर्नु, कथामा प्रयुक्त व्याकरणिक र कोशीय सम्बद्धकको पहिचान गर्नु जस्ता प्रमुख उद्देश्य रहेका छन् । उक्त अध्ययन गुणात्मक ढाँचामा आधारित भई पुस्तकालयीय अध्ययनको माध्यमबाट उद्देश्यमूलक तरिकाले सामग्रीको सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ । उक्त कथामा व्याकरणिक र कोशीय दुबै सम्बद्धकको प्रयोग भएको छ, भने कोशीयभन्दा व्याकरणिक सम्बद्धकको प्रयोग बढी भएको निष्कर्ष निकालिएको छ । त्यस्तै पुनरूक्तिअन्तर्गत पुनरावृत्तिको अधिक प्रयोग गरिएको जसमा 'स्मृति ' र 'अमरकेती' शब्दहरू सबैभन्दा बढी पटक प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रले प्रस्तावित शोधपत्रको सम्बद्धकको पहिचानमा सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

पौडेल (२०७१) द्वारा 'एकरात' कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधमा सङ्कथनको सैद्धान्तिक आधार तयार गर्नु । 'एकरात' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता निर्क्योल गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त शोध पुस्तकालयीय अध्ययनको माध्यमबाट सम्पन्न गरिएको छ । उक्त कथामा सार्वनामिक, कालिक, स्थानिक जस्ता सम्बद्धकको अधिक प्रयोग भएको र त्यसको तुलनामा समावेशात्मक, सन्निधानात्मक, विपरीतार्थी, अनुक्रमबोधक र रीतिबोधक सम्बद्धनको प्रयोग सामान्य रूपमा भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधले सम्बद्धक र सम्बद्धनको पहिचान र उपयुक्तता हेर्न सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

तिवारी (२०७४) द्वारा 'राष्ट्रियताको ज्योति हुलाक घर' निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त अध्ययनमा 'राष्ट्रियताको ज्योति हुलाक घर' निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गर्नु, सम्बद्धक र

सम्बद्धनका प्रयोगका दृष्टिले राष्ट्रियताको ज्योति हुलाक घर निबन्धको उपयुक्तता केलाउनु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययन वर्णनात्मक विधिमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । प्रस्तुत अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । निर्दिष्ट निबन्धमा कोशीय सम्बद्धकको प्रयोग उल्लेख्य मात्रामा गरिएको निष्कर्ष निकालिएको छ । त्यस्तै अर्थगत अन्विति र बैचारिक अन्तः सूत्रको निरन्तरताले निबन्धलाई सम्प्रेषणीय बनाएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रले प्रस्तुत शोधकार्यको सैद्धान्तिक पृष्ठभूमि तयार गरी सामग्री विश्लेषण गर्ने आधार प्रदान गर्ने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

बराल (२०७१) द्वारा 'लाहुरी भैँसी' कथाको विश्लेषण शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त शोधमा लाहुरी भैँसी कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गर्नु, सम्बद्धनहरूको स्थिति केलाउनु, सम्बद्धक, सम्बद्धन र सन्दर्भनका दृष्टिले कथाको विश्लेषण गर्नु र उक्त कथामा सन्दर्भन प्रयोगको स्थिति केलाउनु जस्ता प्रमुख उद्देश्य रहेका छन् । उक्त शोधकार्य सात अध्यायमा सम्पन्न गरिएको छ । त्यस्तै वर्णनात्मक विधिको प्रयोग गरिएको छ, भने पाठलाई सन्दर्भपरक कोणबाट विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा बढी व्याकरिणक संसक्ति (निपात र संयोजक) को प्रयोग भएको, कोशीय सम्बद्धक ( सन्निधान) को कम भएको र सम्बद्धनअन्तर्गत सबैभन्दा बढी शीघ्रताबोधक सम्बद्धन र कम निहितार्थ सम्बद्धन प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रमा सम्बद्धक र सम्बद्धनहरूको पहिचान गरी तिनको स्थिति केलाइएको हुँदा प्रस्तुत शोधका लागि अध्ययनको आधार बनाइएको छ ।

रेग्मी (२०७१) द्वारा 'त्यसरी बाँचेको छ : त्यसरी नै' कथाको सङकथन विश्लेषण शीर्षकको शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधमा कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको अध्ययन गर्नु, कथामा प्रयुक्त सन्र्भपरक भाषाको अध्ययन गर्नु जस्ता प्रमुख उद्देश्य रहेका छन् । पुस्तकालयीय अध्ययनमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतका सामग्री उपयोग गरी उक्त शोधपत्र सम्पन्न गरिएको छ । कथामा प्रयुक्त कतिपय वाक्यहरूकाबिच भाषिक जोर्नीको रूपमा रहने सम्बद्धकको प्रयोगगत कमजोरी रहेको कुरा उल्लेख गरिएको छ । त्यस्तै कथामा अधिक मात्रामा सार्वनामिक, कालिक, स्थानिक सम्बद्धकको प्रयोग र अनुक्रमबोधक, कारणकार्य, स्पष्टोक्ति सम्बद्धनहरूको अधिक प्रयोग

भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत कार्यले सम्बद्धक र सम्बद्धनको पहिचान र तिनको प्रयोगगत सबल र दुर्बल पक्ष केलाउन सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

भट्ट (२०७१) द्वारा 'भलादमी' निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्यका रूपमा सम्बद्धक र सम्बद्धनको पहिचान गर्न र सम्बद्धक र सम्बद्धनका दृष्टिले निबन्धको उपयुक्तता केलाउनु रहेका छन् । उक्त अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको खोजी गर्दा व्याकरणिक सम्बद्धकअन्तर्गत पुरूषवाचक सार्वनामिक सम्बद्धक तथा स्थानिक र संयोजक सम्बद्धकहरूको तुलनात्मक रूपमा बढी प्रयोग भएको छ र कोशीय सम्बद्धकअन्तर्गत विपरीतार्थी र समावेशक सम्बद्धकहरूको कम मात्रामा प्रयोग भएको पाइन्छ । यसैगरी उक्त निबन्धको विश्लेषण गर्दा त्यसमा निहित विचारको अन्तः शृङ्खलालाई जोड्नका लागि सम्बद्धन र सम्बद्धनको प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनहरूबाट प्रस्तुत शोधपत्रको सम्बद्धक पहिचान गर्नमा सघाउ पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

रावल (२०७२) द्वारा 'साल्गीको बलात्कृत आँसु' कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधमा साल्गीको बलात्कृत आँसु कथामा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु, कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता निर्क्योल गर्नु, साल्गीको बलात्कृत कथामा प्रयुक्त सम्बद्धनको पहिचान गर्नु जस्ता प्रमुख उद्देश्य रहेका छन् । उक्त शोध पुस्तकालयीय अध्ययनमा आधारित भई वर्णनात्मक अध्ययन ढाँचामा तयार पारिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । त्यस्तै सम्बद्धकका दृष्टिले सार्वनामिक, कालिक, स्थानिक र संयोजक सम्बद्धक बढी प्रयोग भएको, १२ ओटा सम्बद्धक र २६ ओटा सम्बद्धनको प्रयोग भएको निष्कर्ष उक्त शोधमा निकालिएको छ । उक्त शोधपत्रको अध्ययनबाट प्रस्तुत शोधपत्रको परिचयात्मक खण्ड र सैद्धान्तिक पृष्ठभूमि तयार गर्न सहयोग पुग्ने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

केशी (२०७२) द्वारा 'दोषी चस्मा' कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधमा 'दोषी चस्मा' कथामा प्रयुक्त सम्बद्धकको पहिचान गरी

तिनको स्थिति केलाउनु र सम्बद्धन पहिचान गरी तीनको स्थिति केलाउनु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययनपत्र तयार पार्न प्रमुख रूपमा पुस्तकालयीय अध्ययन र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । 'दोषी चस्मा' कथामा जम्मा २३ अनुच्छेद र १५९ वाक्यहरू रहेका छन् भने उक्त शोधलाई पाँच भागमा विभाजन गरी तयार पारिएको छ । त्यस्तै कथालाई सम्बद्धकको आधारमा विश्लेषण गर्दा कालिक, स्थानिक, पुनरावृत्ति, प्रतिस्थापन, संयोजक र तृतीय पुरूष सम्बद्धकको बढी प्रयोग भएको छ भने सम्बद्धनका दृष्टिले अनुक्रमबोधक सम्बद्धनको प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधका लागि सम्बद्धक पहिचान गर्न सहयोग पुग्ने भएकाले अध्ययनको आधार बनाइएको छ ।

चन्द (२०७३) द्वारा 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण शीर्षकको शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधमा 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धनहरूको पहिचान गर्नु, उक्त उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्नु जस्ता प्रमुख उद्देश्य रहेका छन् । पाँच अध्यायमा संरचित उक्त शोधकार्य पुस्तकालयीय अध्ययनमा आधारित भई वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरी सम्पन्न गरिएको छ । त्यस्तै प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । त्यस्तै उक्त उपन्यासमा जम्मा ३३८ सम्बद्धक र १९३ सम्बद्धन प्रयोग भएको निष्कर्ष प्रस्तुत गरिएको छ । साथै कतिपय अवस्थामा दुई वाक्यका बिचमा एकभन्दा बढी सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको र अन्तः 'भ्रमर' उपन्यास सङ्कथनका दृष्टिले उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । त्यसकारण उक्त शोधपत्रलाई सम्बद्धक र सम्बद्धन पहिचानका दृष्टिले उपयुक्त हुने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

अधिकारी (२०७३) द्वारा 'पूर्वतिर' उपन्यासको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधमा पूर्वतिर उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको पहिचान गर्नु, उक्त उपन्यासमा प्रयुक्त सम्बद्धनहरूको पहिचान गर्नु र सम्बद्धक र सम्बदनको प्रयोगका दृष्टिले उक्त उपन्यासको उपयुक्तता केलाउनु जस्ता अध्ययनका उद्देश्य रहेका छन् । उक्त शोध पुस्तकालयीय अध्ययन विधिमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा जम्मा ८४५ सम्बद्धकको प्रयोग भएको र सबैभन्दा बढी सार्वनामिक

सम्बद्धकको प्रयोग भएको निष्कर्ष निकालिएको छ । त्यस्तै सम्बद्धनको विश्लेषण गर्दा जम्मा १४५ सम्बद्धनको प्रयोग भएको छ । सम्बद्धनमा सबैभन्दा बढी प्रश्नार्थगत सम्बद्धनको प्रयोग भएको छ, सबैभन्दा कम युगपदबोधक सम्बद्धनको प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले सम्बद्धक र सम्बद्धन पहिचानमा सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

ओझा (२०७४) द्वारा 'बहुला काजीको सपना' नाटकको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त शोधमा बहुला काजीको सपना नाटकमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु, बहुला काजीको सपना नाटकमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु जस्ता प्रमुख उद्देश्यहरू रहेका छन् । उक्त शोध छ अध्यायमा विभाजन गरिएको छ । त्यस्तै पुस्तकालयीय विधिमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी शोधकार्य गरिएको छ । त्यस्तै सङ्कथन विश्लेषणका ऊर्ध्वगमन, अधोगमन र अन्तर्क्रियात्मक पद्धतिको परिचय दिइएको छ । उक्त शोधमा नाटकमा सार्वनामिक, कालिक, स्थानिक, संयोजक, प्रतिस्थापन, लोप र निपात सवै सम्बद्धकहरूको प्रयोग गरिएको कुरा उल्लेख गरिएको छ । यस्तै व्याकरणिक सम्बद्धकमा सबैभन्दा बढी १४६ पटक निपात सम्बद्धक र एकपटक मात्र पदावली प्रतिस्थापन सम्बद्धक र क्रिया प्रतिस्थापन सम्बद्धकको प्रयोग गरिएको निष्कर्ष उक्त शोधमा निकालिएको छ । उक्त शोधले प्रस्तुत शोधका (क), (ख) र (ग) तिन ओटै समस्या समाधान गर्ने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

खनाल (२०७४) द्वारा 'भाँडो' कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधमा 'भाँडो' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु, 'भाँडो' कथामा प्रयुक्त सम्बद्धकहरूको प्रयोगगत स्थिति निरूपण गर्नु जस्ता प्रमुख उद्देश्य रहेका छन् । पुस्तकालयीय अध्ययनमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू उपयोगमा ल्याइएको छ । प्रस्तुत कार्य सम्पन्न गर्न सङ्कथन विश्लेषणका स्थापित मान्यताहरूमध्ये सम्बद्धक र सम्बद्धनलाई आधार बनाइएको छ । सम्बद्धक र सम्बद्धनका दृष्टिले कथामा सार्वनामिक र स्थानिक सम्बद्धक एवम् अनुक्रमबोधक सम्बद्धनको अधिक प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त शोधले सम्बद्धक र

सम्बद्धनको पहिचान गरी निर्दिष्ट कथामा तिनको उपयुक्तता पहिचान गर्न सहयोग गर्ने अपेक्षा गर्दै उक्त शोधलाई अध्ययनको आधार बनाइएको छ ।

समग्रमा उपर्युक्त विविध सङ्कथन विश्लेषणसँग सम्बन्धित पुस्तक र शोधपत्रको अध्ययन गर्दा यस क्षेत्रमा धेरै अध्ययनहरू भएका छन् । अहिलेसम्म सङ्कथन विश्लेषणसँग सम्बन्धित शोधकार्यहरू कथा, उपन्यास, नाटक, निबन्ध आदि विधासँग सम्बन्धित रहेका छन् । यसकारण ‘एउटा विचारको यात्रापथ’ कथाको सङ्कथन विश्लेषण कार्य अहिलेसम्म सम्पादन गरिएको छैन, यसर्थ ‘एउटा विचारको यात्रापथ’ कथाको सङ्कथन विश्लेषण कार्य नयाँ भएकाले यसले सङ्कथन विश्लेषणको क्षेत्रलाई अझै व्यापकता प्रदान गरेको छ ।

यस शोधकार्यमा सङ्कथनको परिचय सहित सङ्कथनको सैद्धान्तिक पुनरावलोकन गर्दै ‘एउटा विचारको यात्रापथ’ कथामा प्रयुक्त सम्बद्धकको पहिचान गरी तिनको उपयुक्तता विश्लेषण गर्ने कार्य गरिएको छ । यस्तै सङ्कथनका युक्ति र सम्प्रेषणात्मक दृष्टिले ‘एउटा विचारको यात्रापथ’ कथाको व्याख्या विश्लेषण गरिएकाले सम्बन्धित क्षेत्रमा चासो राख्ने सबै व्यक्तिलाई यससँग सम्बन्धित जानकारीहरू हासिल गर्न सहयोग गरेको छ ।

**पुनरावलोकनको उपादेयता**

आफूले गर्न लागिएको अनुसन्धानसँग सम्बन्धित त्योभन्दा अगाडि गरिएका कार्यहरू, प्रकाशित पुस्तक, अध्ययन प्रतिवेदन, पत्रपत्रिका, लेख आदिको अध्ययन गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । प्रस्तुत ‘एउटा विचारको यात्रापथ’ कथाको सङ्कथन विश्लेषण शीर्षकका लागि गरिएको पूर्वकार्यको पुनरावलोकनले यो शोधको सैद्धान्तिक अवधारणा निर्माण र सम्बद्धकको अध्ययन गरी तिनको भूमिका विश्लेषण गर्नमा सहयोग पुऱ्याएको छ । उक्त पुनरावलोकनले प्रस्तुत शोध शीर्षक नितान्त मौलिक र नयाँ हो भन्ने कुराको निर्क्योल गर्न सहयोग गरेको छ ।

आफूले गर्न लागिएको शोधसँग सम्बन्धित पुस्तकको अध्ययनबाट सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुग्ने र शोध प्रतिवेदनको अध्ययनबाट सम्बद्धकको अवधारणा निर्माण गरी सम्बद्धकको पहिचान र तिनको भूमिका विश्लेषण गर्न सघाउ पुऱ्याएको छ । समस्याकथन, उद्देश्य निर्माण, परिसीमा निर्धारण, अध्ययनको ढाँचा र नमुना

छनोट, सामग्री  सङ्कलन, प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण र सन्दर्भ ग्रन्थ सूची तयार पार्न उपर्युक्त साहित्यको पुनरावलोकनले सघाउ गरेको छ । शोधकार्यलाई वैध र विश्वसनीय बनाउन, भावी अनुसन्धानका लागि क्षेत्रहरू पत्ता लगाउन उक्त पूर्वकार्यको पुनरावलोकनको महत्त्वपूर्ण भूमिका रहेको छ ।

समग्रमा उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषण कार्यमा सहजता प्रदान गरेको छ । कथाको सङ्कथन विश्लेषण गर्दा कथामा प्रयुक्त व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धकको पहिचान गर्नमा यसले सहयोग पुऱ्याएको छ । त्यस्तै कुन कुन सिद्धान्त र विधिको उपयोग गरी अहिलेसम्म के कस्ता अनुसन्धान भएका छन् भन्ने कुराको जानकारी प्राप्त हुनका साथै आफ्नो अनुसन्धान कार्य कुन कुन सिद्धान्त र विधिको उपयोग गरी सम्पन्न गर्ने भन्ने कुराको निर्क्योल गर्न पनि उपर्युक्त पुनरावलोकन गरिएका साहित्यको उपादेयता रहेको छ ।

## सैद्धान्तिक अवधारणा

### सङ्कथनको परिचय

अभिव्यक्तिको सबैभन्दा ठूलो, स्वयम्मा पूर्ण सिङ्गो अभिव्यक्ति नै सङ्कथन हो । सङ्कथन भाषाको खास सन्दर्भ र घटनासँग सम्बन्धित हुने भएकाले यो एक शब्ददेखि लिएर समग्र पाठसम्म पनि फैलिएको हुन सक्छ । अतः सम्प्रेषणात्मक क्षमता र प्रयोजनपरकताको गुण भएको अभिव्यक्तिको वस्तुपरक विश्लेषणलाई नै सङ्कथन भनिन्छ । सङ्कथन हुनका लागि वक्ता र श्रोताको प्रत्यक्ष वा अप्रत्यक्ष उपस्थिति अनिवार्य मानिन्छ । सङ्कथनलाई कथ्य र लेख्य गरी दुई किसिमले अध्ययन गर्न सकिन्छ । कथ्य सङ्कथनमा वक्ता र श्रोताको प्रत्यक्ष सहभागिता अनिवार्य हुने गर्दछ । लेख्य सङ्कथनमा वक्ता र श्रोताको प्रत्यक्ष सहभागिता रहदैँन । कथ्य सङ्कथनअन्तर्गत गफगाफ, कुराकानी, संवाद, वादविवाद, भाषण, छलफल आदि पर्दछन् । त्यस्तै लेख्य सङ्कथनअन्तर्गत कथा, उपन्यास, नाटक, निबन्ध, खण्डकाव्य, महाकाव्य लगायतका साहित्यिक विधाहरू पर्दछन् ।

सङ्कथन निर्माणमा सम्बद्धक र सम्बद्धनको भूमिका पनि महत्त्वपूर्ण हुने गर्दछ । सम्बद्धकले सङ्कथन निर्माणमा भाषिक तत्त्वहरूको बिचमा जोर्नीको काम गरेको हुन्छ । सम्बद्धनले वैचारिक सिलसिलाको भूमिका निर्वाह गरेको हुन्छ । सम्बद्धक पाठमा प्रयुक्त

भाषाको बाह्य वा शरीर व्याकरणिक र कोशीय पक्षसँग सम्बन्धित छ । सम्बद्धन अभिव्यक्तिको भित्री वा प्राण आर्थी पक्षसँग सम्बन्धित रहेको छ । यी दुबै सम्बद्धक र सम्बद्धनको अभावमा सङ्कथन सम्प्रेषणात्मक दृष्टिले अधुरो रहन्छ ।

सुरूसुरूमा कथ्य भाषाका कुराकानी, संवाद, वस्तुवर्णन, कथाकथन, परिस्थिति तथा अवस्थाको वर्णन, यात्रावर्णन तथा वादविवादलाई सङ्कथन भनिन्थ्यो । हिजोआज लिखित अभिव्यक्तिका सबै विधाहरूलाई सङ्कथन भनिन्छ । सङ्कथनभित्र भाषिक एकाइहरू क्रमबद्ध रूपमा उनिएर आएका हुन्छन् ।

व्युत्पत्तिगत दृष्टिले हेर्दा संस्कृतको ‘कथ्’ धातुमा ‘सम्’ उपसर्ग र ‘अन्’ परसर्ग गाँसिएर ‘सङ्कथन’ शब्दको निर्माण भएको हो, यसको अर्थ अभिव्यक्तिको सिङ्गो रूप वा समग्र कथन भन्ने हुन्छ । सङ्कथन अङ्ग्रेजी ‘डिस्कोर्स’ शब्दको पर्यायवाची रूप हो । डिस्कोर्सको अर्थ कथ्य लेख्य रूपमा कुनै विषयमा भएको कुराकानी वा छलफल भन्ने हुन्छ । ‘डिस्कोर्स’ शब्दको व्युत्पत्ति ल्याटिन भाषाको ‘डिस्कोर्स’ बाट भएको हो । ‘डिस्कोर्स’ को अर्थ ‘टु रन’, ‘टु रन अन’, ‘टु रन टु एन्ड फर’, हुन्छ । जसको नेपाली रूपान्तरण क्रमशः दौडनु, दौडिरहनु, अघिपछि गरी दौडनु भन्ने हुन्छ (भण्डारी, २०६८, पृ. ८) ।

समग्रमा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो सम्प्रेषणात्मक, आफैमा पूर्ण र अर्थयुक्त एकाइको रूपमा लिइन्छ । सङ्कथन हुनकालागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वक्ता र श्रोताको सहभागिता अनिवार्य हुन्छ । सङ्कथनलाई कथ्य र लेख्य गरी दुई किसिमले हेर्न सकिन्छ । कथ्य सङ्कथनमा वक्ता र श्रोताको उपस्थिति अनिवार्य हुन्छ लेख्यमा हुँदैन । कतिपय अवस्थामा कथ्य र लेख्य सङ्कथनका अलवा साङ्केतिक सङ्कथनको पनि चर्चा गर्ने गरेको पाइन्छ ।

**सङ्कथन विश्लेषणको परिचय**

सङ्कथन विश्लेषण भन्ने शब्द भाषा वैज्ञानिक जेलिङ ह्यारिसले सन् १९५२ मा एउटा लेखमा विस्तारित पाठहरूमा भाषा तत्त्वको वितरणबारे चर्चा गर्ने क्रममा प्रयोग गरेका भए पनि यसको स्पष्टतः विकास सन् १९६० को दशकपछि मात्रै भएको हो । सङ्कथन विश्लेषणमा सङ्कथनका तत्त्वहरू, सङ्कथन विश्लेषणका पद्धत्ति, सम्बद्धक र सम्बद्धनको बस्तुपरक अध्ययन गरिन्छ । यसमा कथ्य भाषा, लेख्य भाषा र साङ्केतिक भाषामा भएका

अभिव्यक्तिहरूको अध्ययन हुन्छ । कथ्य सङ्कथन विश्लेषणलाई संवाद विश्लेषण र लेख्य सङ्कथन विश्लेषणलाई आख्यान वा पाठ विश्लेषणका रूपमा लिइन्छ ।

सङ्कथन विश्लेषण अभिव्यक्तिगत समग्रताको प्रकार्यपरक अध्ययनसँग सम्बन्धित विषय हो । यसमा व्याकरणिक पक्षलाई नहेरी भाषिक प्रस्तुति र त्यसको प्रकार्यलाई विश्लेषण गरिन्छ (भुसाल, २०६९, पृ. १६४) । सङकथन विश्लेषणले भाषाको सैद्धान्तिकभन्दा प्रायोगिक पक्षमा विशेष जोड दिई भाषिक तथा भाषेत्तर पक्षको व्याख्या विश्लेषण गर्दछ । सङ्कथन विश्लेषणका क्रममा पाठभित्रका एकाइहरू बिचको अन्तर्सम्बन्धलाई सम्बद्धक र सम्बद्धनका आधारमा वर्गीकरण गरिन्छ । सङ्कथन विश्लेषणमा कोशीय र व्याकरणिक एकाइहरू कसरी अन्तर्सम्बन्धित भएका छन् भन्ने कुराको बस्तुपरक विश्लेषण गरिन्छ । त्यस्तै भाषिक एकाइको क्रमबद्धता भएर मात्रै पनि सङ्कथन विश्लेषण पूर्ण नहुने हुँदा पाठभित्र विचार तथा भावगत शृङ्खलाको कस्तो रहेको छ भनेर पनि हेरिन्छ । सङ्कथनको अध्ययन र विश्लेषण प्रक्रिया भाषाको सन्दर्भपरक प्रयोग, समग्र अभिप्राय र कथन अन्वितिको भेउ पाउनमा केन्द्रित हुन्छ । यस्तो भेउ भाषाको वाक्यात्मक अन्तर्सम्बन्ध र शब्द प्रयोगमा निहित अन्तर्सम्बन्धको अध्ययनबाट प्राप्त गर्न सकिन्छ ।

निष्कर्षतः पाठ संरचनात्मक र आर्थि हिसाबले पूर्ण र सबल छ कि छैन, सम्बद्धक र सम्बद्धनको प्रयोग के कसरी गरिएको छ भन्ने कुराको अध्ययन सङ्कथन विश्लेषणमा गरिन्छ । सङ्कथन कथ्य र लेख्य कुन प्रकारको हो, अभिव्यक्तिको सन्दर्भपरक प्रयोग, सम्प्रेषणात्मकता, बोधगम्यता जस्ता कुराहरूको विश्लेषण पनि सङ्कथन विश्लेषणमा गरिन्छ । यसमा भाषाको सैद्धान्तिक भन्दा पनि प्रायोगिक पक्षमा विशेष जोड दिइन्छ । यसकारण सङ्कथन विश्लेषणलाई प्रायोगिक भाषा विज्ञानको एक नवीन शाखाको रूपमा लिने गरिन्छ ।

**सङ्कथनका प्रकार**

विभिन्न भाषाविदहरूले सङ्कथनका प्रकारलाई आ-आफ्नै ढङ्गले विभाजन गरेका छन् । सङ्कथनलाई सामान्य, विशिष्ट, कथ्य, लेख्य, औपचारिक, अनौपचारिक, प्रबन्धात्मक, अन्तर्क्रियात्मक आदि विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । सङ्कथनका उपर्युक्त जे जति प्रकार भए पनि कथ्य र लेख्य सङ्कथनको सुसम्प्रेषणीयता नै प्रमुख उद्देश्य भएकाले यी दुईलाई सङ्कथनका प्रकार मानिन्छ (लामिछाने, २०७०, पृ. ११) ।

सङ्कथनसम्बन्धी विद्वानका परिभाषा समेतलाई आधार मान्दा विशिष्ट किसिमका अर्थ बुझाउने विभिन्न सङ्केतलाई पनि सङ्कथन भन्ने गरिएको पाइन्छ । यसकारण हिजोआज कथ्य र लेख्य रूपमा मात्र नभएर सङ्केतात्मक रूपमा प्रस्तुत हुने अभिव्यक्तिलाई पनि सङ्कथन मान्न सकिन्छ (पौडेल र पोखरेल, २०७१, पृ. ५) । जसको छोटो चर्चा निम्नानुसार गरिएको छ :

**कथ्य सङ्कथन**

मौखिक अभिव्यक्तिसँग सम्बद्ध सम्प्रेषणीय कथनलाई कथ्य सङ्कथन भनिन्छ ( लामिछाने, २०७०, पृ. ११) । कथ्य सङ्कथनअन्तर्गत कुराकानी, छलफल, भाषण, वादविवाद, आदेश, अनुरोध, ख्यालठट्टा आदि पर्दछन् । कथ्य सङकथनमा वक्ता र श्रोताको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । कथ्य सङ्कथन औपचारिक र अनौपचारिक दुबै प्रकृतिको हुन्छ । यो गतिशील हुने भएकाले भाषिक अभिव्यक्तिको प्रशस्त पुनरावृत्ति हुन्छ । यसमा हाउभाउ, अङ्ग सञ्चालन आदि भाषेत्तर पक्षको उपयोग गरिन्छ । वक्ता र श्रोताको भूमिकामा आलोपालो रहने हुँदा यसलाई अन्तर परिवर्त्य सङ्कथनका रूपमा पनि लिइन्छ ।

कथ्य सङ्कथनमा वक्ताले तत्काल पृष्ठपोषण पाई आफ्नो अभिव्यक्ति सुधार्ने मौका पाउँदछ । कथ्य सङ्कथनमा भाषा र भाषिका दुबैको प्रयोग गरिन्छ । व्याकरणिक शुद्धतामा कम ध्यान दिइन्छ । सरल र छोटा वाक्यको प्रयोग आवश्यक हुन्छ । समग्रमा भाषाको कथ्य अभिव्यक्तिमा आधारित सन्दर्भ, प्रसङ्ग र परिवेशजन्य सम्प्रेषणीय सिङ्गो भाषिक उच्चार नै कथ्य सङ्कथन हो ।

**लेख्य सङ्कथन**

भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित, समाजका विविध परिवेशमा आधारित, लिखित घटनासँग सम्बन्धित पूर्णतः भाषिक सामग्रीमा निर्भर, भाषिक दृष्टिले निकै भरिला, खँदिला र कसिलो अभिव्यक्ति नै लेख्य सङ्कथन हो (पौडेल, २०६९, पृ. २१) । यसभित्र निबन्ध, कथा, कविता, प्रतिवेदन, चिठी, पत्र, रसिद आदि पर्दछन् । लेख्य सङ्कथनमा पाठक र लेखक रहन्छन्, जसमा पाठक कल्पित भूमिकामा रहन्छ । कथ्य सङ्कथनका तुलनामा कम गतिशील हुन्छ । व्याकरणिक शुद्धतामा बढी ध्यान दिइन्छ । औपचारिक प्रकृतिको हुन्छ । लेख्य सङ्कथनमा विषयवस्तु र भाषाको स्तरीय रूपको प्रयोग गरिन्छ । लेख्य सङ्कथनमा

भाषिक सामग्री अत्यधिक सघन रूपमा रहन्छन् (अधिकारी, २०७४, पृ. २७१) । समग्रमा लेख्य सङ्कथन कथ्य सङ्कथनभन्दा बढी विशिष्ट, औपचारिक र जटिल प्रकृतिको हुन्छ । यसमा लेखकको मौलिकता, चिन्तनशीलता, बौद्धिकता, भाषिक सामर्थ्य, सिर्जनशीलता जस्ता कुराहरू टड्कारो रूपमा रहन्छन् ।

**साङ्केतिक सङ्कथन**

मौखिक र लिखित रूपमा व्यक्त गर्न नसकिएका कुराहरूलाई सङ्केतका माध्यमबाट व्यक्त गरिन्छ, त्यसलाई साङ्केतिक सङ्कथन भनिन्छ । यस्ता किसिमका सङ्केत विशेष अवस्थामा प्रयोजनीय हुन्छन्, यिनले कुनै सन्दर्भ विशेषमा मात्र अर्थ प्रदान गर्दछन् । यस्ता सङ्केतहरू शाब्दिक र अशाब्दिक दुबै हुन सक्छन् (पौडेल र पोखेल, २०७१, पृ. ९) । शाब्दिक सङ्केतमा विशेष समयमा विशेष व्यक्तिले विशेष प्रयोजनका लागि बोलेका साङ्केतिक शब्दहरू पर्दछन् भने अशाब्दिकमा इसाराहरू पर्दछन् । जस्तैः सडकमा गाडी गुडिरहेका बेला रातो वा हरियो बत्ती बल्नु, हिँडिरहेको यात्रुले जेब्रा क्रसिङ् देख्नु आदि यसअन्तर्गत पर्दछन् । यी कुनै पनि सङ्केतहरू सडकमा देख्नासाथ सडक प्रयोग कर्ताले निश्चित अर्थ बुझिहाल्छ । त्यस्तै खेलकुदअन्तर्गतका विभिन्न खेलहरूमा विशेष किसिमका सङ्केत व्यवस्थाहरू हुन्छन्, तिनै सङ्केतका आधारमा खेलाडी र दर्शकहरूले निश्चित अर्थ बुझिरहेका हुन्छन् । त्यसैले लेखेर वा बोलेर मात्र भाषिक सम्प्रेषण नभई सन्दर्भ र प्रसङ्ग अनुसार सङ्केतहरूले पनि निश्चित अर्थ बुझाउँछन् । त्यसैले यस्ता सङ्केतहरू पनि सङ्कथनअन्तर्गत नै पर्दछन् । यसरी सङ्केतहरूबाट प्राप्त हुने विभिन्न अर्थ र सन्दर्भहरूको खोजी गर्न पनि साङ्केतिक सङ्कथन विश्लेषणको आवश्यकता पर्दछ ।

**सङ्कथनका तत्त्वहरू**

सङ्कथन निर्माणका लागि आवश्यक पर्ने उपकरणहरूलाई सङ्कथनका तत्त्वहरू भनिन्छ (लामिछाने, २०७०, पृ. १५) । सङ्कथनलाई पूर्ण र सम्प्रेष्य बनाउनकोलागि यस्ता तत्त्वहरूको आवश्यकता पर्दछ । अर्को शब्दमा भन्नुपर्दा एउटा सङ्कथन तयार पार्दा नभई नहुने उपकरणहरू नै सङ्कथनका तत्त्वहरू हुन् । सङ्कथनका तत्त्वहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**प्रस्तोता**

सङ्कथनमा वक्ता वा अभिव्यक्ति कर्ताको सर्वोपरि भूमिका हुन्छ । यसले श्रोता वा पाठकको ध्यान आकर्षित गर्ने, अर्कैतिर मोड्ने, उनीहरूको स्तर अनुरूप विषयवस्तु प्रस्तुत गर्ने आदि काम गर्दछन् । कथ्य सङ्कथनमा वक्ता र लेख्य सङ्कथनमा लेखक प्रस्तोताको भूमिकामा रहन्छन् । प्रस्तोताले आफ्नो विचार व्यक्त गर्दा श्रोता र पाठकको ध्यानआकर्षण गर्दछन् । यसरी सङ्कथन भनेको विचार सम्प्रेषण भएकाले प्रस्तोताले भनेको कुरा प्रापकले ग्रहण गर्नुपर्दछ । यदि व्यक्त विचार प्रापकले ग्रहण गर्न सकेन भने त्यो सङ्कथन हुँदैन । समग्रमा प्रस्तोताले वोद्धाको ध्यान आकर्षित गर्ने, विषयवस्तु वा सन्देशलाई कसिलो बनाउने र उपयुक्त कोडको चयन गर्ने लगायतका कार्यहरू गर्दछ ।

**वोद्धा**

सङ्कथनात्मक सम्प्रेषणका क्रममा प्रस्तोताले उठान गरेका कुरालाई ग्रहण गर्ने व्यक्ति नै प्रापक वा वोद्धा हो । सङ्कथनमा यसलाई दोस्रो महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । कथ्य सङ्कथनमा श्रोता र लेख्य सङ्कथनमा पाठकले वोद्धाको काम गरेका हुन्छन् । कथ्य सङ्कथनमा प्रस्तोता र प्रापककाबीच अन्तर्परिवर्त्यको भूमिका र सहयोगात्मक सिद्धान्तको उपयोग गरिन्छ । प्रस्तोताको मुख्य उद्देश्य नै आफ्नो विचारलाई वोद्धासम्म सञ्चरण गर्नु हो । अतः सङ्कथनमा विचारको सम्प्रेषण बैठान हुने स्थलको रूपमा वोद्धालाई लिइन्छ ।

**माध्यम**

प्रस्तोता र श्रोताकाबिच सम्पर्क स्थापित गर्ने मार्गलाई नै माध्यम भनिन्छ । अतः विचार सम्प्रेषण गर्ने उपायलाई माध्यम भनिन्छ । सम्प्रेषणमा प्रयोग हुने लिखित र मौखिक स्वरूप सामान्य माध्यम हुन् । कथ्य सङ्कथनमा प्रयोग हुने भाषिक र भाषेत्तर (हाउभाउ, मुखमुद्रा) पनि माध्यम हुन् । त्यस्तै रेडियो, टिभी, इन्टरनेट लगायतका अन्य सङ्केत चिह्न पनि माध्यम मानिन्छ ।

**सूचनाको स्वरूप**

सङ्कथनलाई कुन तरिकाले सञ्चार गर्ने भन्ने कुरा नै सूचनाको स्वरूप हो । सङ्कथन कस्तो रहेको छ भन्ने कुरा सूचनाको स्वरूपमा निर्भर रहन्छ । सूचनाको स्वरूपगत

विविधताअनुसार सङ्कथनमा पनि विविधता देखा पर्दछ । एउटै विषय वस्तुलाई पनि फरक-फरक ढङ्गले प्रस्तुत गरियो भने सूचनाको स्वरूपमा भिन्नता देखा पर्दछ । एउटै सूचनालाई पनि प्रथम, द्वितीय र तृतीय परूषमा प्रस्तुत गर्दा प्रस्तुतिगत ढङ्ग ढाँचाले सङ्कथनमा विविधता ल्याउँछ । एउटै विषय बस्तुलाई पनि गफ, छलफल, विवाद, चिठी, विज्ञापन आदिमा फरक-फरक ढङ्गले प्रस्तुत गरिन्छ । अन्ततः एउटै सूचना वा विषय बस्तुलाई पनि भिन्न शैली र प्रक्रिया अँगाली प्रस्तुत गर्न सकिन्छ ।

**विषय शीर्षक**

विषय वा शीर्षकले सङ्कथनलाई प्रभावित र निर्देशन गर्दछ । यसले सङ्कथनको स्वरूपमा भिन्नता ल्याउछ (लामिछाने, २०७०, पृ. १६) । सङ्कथनमा प्रस्तुत गरिने विषय आत्मपरक, बस्तुपरक, वर्णनात्मक, विवरणात्मक, भावात्म, आख्यानात्मक, लयात्मक, कल्पनात्मक आदि हुन सक्छन् । विषयबस्तुका आधारमा शीर्षक निर्धारण गरिने भएकाले यसलाई शीर्षक पनि भनिन्छ ।

**कोड**

कोडलाई भाषिक सङ्केत वा स्वरूपका रूपमा लिइन्छ । सङ्कथनमा प्रयुक्त भाषिक सङ्केतहरू नै कोड हुन् । सङ्कथनमा कस्तो प्रकारको कोड प्रयोग गरिएको छ, त्यसले सङ्कथनको स्वरूप र सम्प्रेषणमा प्रभाव पार्दछ । कुनै सङ्कथनमा भाषिका वा काम चलाउ भाषा प्रयोग गरिन्छ । अतः एउटै भाषाका विविध स्थानीय भेद, प्रयुक्ति भेद प्रयोग गर्दा पनि सङ्कथनमा विविधता आउछ ।

**परिवेश**

परिवेश, काल, स्थान र अन्य पक्षसँग सम्बन्धित रहेको हुन्छ । घरपरिवार, हाट बजार, बैठक, सभा, समारोह, औपचारिक वा अनौपचारिक आदि विभिन्न सन्दर्भहरूलाई परिवेशको रूपमा लिइन्छ । अतः कुन परिवेशमा सङ्कथनको प्रयोग भएको छ, त्यही परिवेशले सङ्कथनको स्वरूप निर्धारण गर्दछ । समग्रमा औपचारिक, अनौपचारिक सन्दर्भ, प्राचीन, मध्यकालीन र आधुनिक समय, सहर, गाउँ, स्थानिक परिवेश, सामाजिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक परिवेश जस्ता कुराले सङ्कथनको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यसर्थ परिवेश सङ्कथन निर्माणमा प्रभाव पर्ने एक प्रमुख तत्त्व हो ।

### सङ्कथन विश्लेषणका पद्धतिहरू

पाठको प्रकृतिको आधारमा सङ्कथन विश्लेषण कसरी गर्ने र निष्कर्ष कसरी निकाल्ने भन्ने सिद्धान्त नै सङ्कथन विश्लेषणको पद्धति हो । यसले विश्लेष्य सङ्कथनमा भाषाको प्रयोग, भाषिक एकाइहरू बिचको सम्बन्ध र भाषिक सक्षमताका बारेमा वर्णन गर्दै सफल सङ्कथन विश्लेषणसम्बन्धी जानकारी प्रदान गर्दछ । अतः सङ्कथन विश्लेषणसम्बन्धी मान्यताहरूको समूह नै सङ्कथन विश्लेषणको पद्धति हो (पौडेल र पोखरेल, २०७१, पृ.१५) । सङ्कथन विश्लेषण पद्धतिले सङ्कथन विश्लेषणका क्रममा सङ्कथनमा प्रयुक्त घटकहरूको बाह्य र आन्तरिक संरचनाको अर्थगत सम्बन्धको खोजी गरी व्याख्या विश्लेषण गर्दछ । सङ्कथन विश्लेषण कसरी गर्ने, कहाँबाट सुरू गर्ने, व्यवस्थित र प्रभावकारी कसरी बनाउने भन्ने कुराको ज्ञान सङ्कथन विश्लेषणका पद्धतिबाट हुन्छ, यसर्थ उक्त कुरालाई मध्यनजर गर्दै विद्वानहरूले विभिन्न पद्धतिहरूको विकास गरेका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### ऊर्ध्व गमन पद्धति

सङ्कथन विश्लेषणका क्रममा भाषाको सबैभन्दा साना एकाइबाट सुरू गरी क्रमशः विस्तारित ठूला एकाइहरूको अध्ययन गर्ने पद्धतिलाई ऊर्ध्व गमन पद्धति भनिन्छ । यसलाई विशिष्टबाट सामान्यतिर जाने वा बटम अप पद्धति पनि भनिन्छ । यसमा पाठका वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो पाठको अध्ययन विश्लेषण गरिन्छ । ऊर्ध्व गमन पद्धतिलाई निम्न चित्रद्वारा प्रष्ट पार्न सकिन्छ :

पाठ ↑
परिच्छेद
अनुच्छेद
वाक्य
उपवाक्य

ऊर्ध्व गमन पद्धति

(स्रोत : पौडेल र पोखेल, २०७१, पृ. १६)

### अधो गमन पद्धति

कुनै पनि पाठको विश्लेषणका क्रममा सामान्यबाट विशिष्टतिर जाने पद्धतिलाई अधो गमन पद्धति भनिन्छ । यसलाई टप डाउन पद्धति पनि भनिन्छ । यसमा पहिले ठूला भाषिक एकाइको विश्लेषण गरिन्छ र त्यसपछि क्रमशः साना एकाइको विश्लेषण गरिन्छ । यो पद्धति सङ्कथन विश्लेषणमा माथिबाट तलतिर जाने पद्धति हो । यो ऊर्ध्व गमन पद्धतिको ठीक विपरीत पद्धति हो । यसमा पहिले पुरै पाठको विश्लेषण गरिन्छ, त्यसपछि त्यसभित्रका परिच्छेद, अनुच्छेद, वाक्य, उपवाक्यको अध्ययन विश्लेषण गरिन्छ । यसलाई चित्रद्वारा निम्नानुसार देखाउन सकिन्छ :


पाठ
परिच्छेद
अनुच्छेद
वाक्य
उपवाक्य ↓

अधो गमन पद्धति
(स्रोत : पौडेल र पोखेल, २०७१, पृ. १६)

### अन्तर्क्रियात्मक पद्धति

ऊर्ध्व गमन र अधो गमन पद्धतिभन्दा भिन्न तरिकाले सङ्कथन विश्लेषण गर्ने वा एकै पटकमा एकभन्दा बढी क्षेत्रबाट सूचना प्राप्त गरी अध्ययन गर्ने पद्धतिलाई अन्तर्क्रियात्मक पद्धति भनिन्छ । सन् १९८० मा स्टानोभिचले ऊर्ध्व गमन र अधो गमन पद्धति दुबैमा समस्या रहेको कुरा उल्लेख गरी यो तेस्रो पद्धतिको विकास गरेका हुन् । उनकाअनुसार सङ्कथन विश्लेषण तलबाट माथितिर र माथिबाट तलतिर भने जस्तो सजिलो कुरा नभई यो अन्तर्क्रियात्मक प्रक्रिया हो (पौडेल र पोखेल, २०७१, पृ. १६) । यस पद्धतिमा एक तहमा भएको कमीलाई अर्को तहमा पूरा गर्न सकिन्छ ।

**सङ्कथनका युक्तिहरू**




सङ्कथन बन्नका लागि आवश्यक पर्ने विभिन्न भाषिक एकाइहरू वा जोर्नीहरूलाई नै सङ्कथनका युक्ति भनिन्छ। मानवीय अनुभवलाई भाषाका एकाइमा जोड्न विभिन्न उपाय अपनाइन्छ, जसलाई सङ्कथनका युक्ति भनिन्छ। डी.बउग्रान्डे र ड्रेसरले सङ्कथनका लागि सात प्रकारका युक्तिहरू रहने कुरा अगाडि सारेका छन् । सम्बद्धक, सम्बद्धन, अभिप्रायमूलकता, ग्राह्यता, सूचनामूलकता, परिस्थितिमूलकता, पाठात्मक अन्तर्सम्बद्धता ( पौडेल, २०६९, पृ. २३)।

उपर्युक्त विभिन्न युक्तिहरूमध्ये सङ्कथनमा अभिव्यक्त मानवीय अनुभवहरूलाई भाषाको उपयुक्त एकाइमा उन्न वा अन्वितिपूर्ण बनाउन सम्बद्धक र सम्बद्धनको भूमिका महत्त्वपूर्ण मानिन्छ । त्यसैले यहाँ अध्ययनको प्रकृतिअनुसार सङ्कथनका युक्तिहरूमध्ये सम्बद्धकको चर्चा गरिएको छ :

**सम्बद्धक**

भाषिक एकाइकाबिच सम्बन्ध स्थापित गर्ने सङ्कथनको बाह्य युक्ति नै सम्बद्धक हो । पद, पदावली, उपवाक्य तथा वाक्यबिच पारस्परिक सम्बन्ध देखाउने काम सम्बद्धकले गर्दछ । सङ्कथनका सन्दर्भमा सम्बद्धकलाई वाक्यभन्दा माथिल्लो तहमा अन्तर वाक्यीय सम्बद्धताका लागि प्रयुक्त हुने भाषिक जोर्नीका रूपमा लिइन्छ (लामिछाने, २०७०, पृ.१४)।

ह्यालिडे र हसन (सन् १९७६) ले सम्बद्धकलाई पाठभित्र रही अर्थहरूको सम्बन्धलाई जनाउने अर्थगत एकाइका रूपमा चर्चा गर्दै प्रसङ्ग, प्रतिस्थापन, लोप, संयोजन र शाब्दिक सम्बद्धक गरी पाँच प्रकारमा विभाजन गरेका छन् ।

यसरी भाषिक एकाइहरूलाई एक आपसमा अन्विति बनाउने र पाठलाई अन्तरसम्बद्धता प्रदान गर्ने युक्तिका रूपमा सम्बद्धकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । सम्बद्धकका प्रकारलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) व्याकरणिक सम्बद्धक**

व्याकरणिक कोटिका आधारमा वाक्यलाई सङ्कथनमा अन्विति गर्ने सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ, अर्थात् सङ्कथनात्मक संरचनामा आई व्याकरणिक सम्बन्ध दर्शाउने सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ । व्याकरणिक सम्बद्धकअन्तर्गत भाषावैज्ञानिक ह्यालिडे र हसन (सन् १९७६) ले सन्दर्भ, प्रतिस्थापन, विलोपन र संयोजन पर्दछन् भनी भनेका छन् (भुसाल, २०७५, पृ. २१९) । उक्त व्याकरणिक सम्बद्धकको चर्चा निम्नानुसार गर्न सकिन्छ :

**अ) सन्दर्भन**

सङ्कथनमा पद, पदावली, उपवाक्य र वाक्यको पुनरावृत्तिलाई रोकी साङ्कथनिक सन्दर्भ जनाउने भाषिक तत्त्वलाई सन्दर्भन भनिन्छ । यसले सङ्कथनमा प्रस्तुत घटना, विषय, स्थान वा सहभागीलाई जनाउने कार्य गर्दछ । ह्यालिडे र हसन (सन् १९७६) का अनुसार सन्दर्भन पुरूषवाचक, दर्शकवाचक र तुलनात्मक गरी तिन ओटा हुन्छन् । यिनीहरूको चर्चा निम्नानुसार गर्न सकिन्छ :

**पुरूषवाचक सन्दर्भन**

सङ्कथनमा वक्ता, श्रोता र विषयगत सन्दर्भ जनाउन आउने शब्दलाई पुरूषवाचक सन्दर्भन भनिन्छ । यी सन्दर्भन प्रथम, द्वितीय र तृतीय पुरूष गरी तिन प्रकारका रहेका छन् । सङ्कथनमा वक्ताको सन्दर्भ जनाउने सर्वनामलाई प्रथम पुरूषवाचक सन्दर्भन भनिन्छ, जस्तैः म, हामी, हामीहरू । सङ्कथनमा रही श्रोताको सन्दर्भ जनाउने सर्वनामलाई द्वितीय पुरूषवाचक सन्दर्भन भनिन्छ, जस्तैः तँ, तिमी, तिमीहरू, तपाई, तपाइहरू, यहाँ, यहाँहरू,

हजुरहरू आदि । सङ्कथनमा वक्ता र श्रोता बाहेक फरक-फरक कथ्य विषयसँग सम्बन्धित सन्दर्भ जनाउने सर्वनामहरूलाई तृतीय पुरूषवाचक  सन्दर्भन भनिन्छ, जस्तैः यो, यी, यिनीहरू, त्यो, ती, तिनीहरू, ऊ, उनी आदि ।

**दर्शकवाचक सन्दर्भन**

सङ्कथनमा कुनै नजिक वा टाढाको बिषय वा बस्तुलाई निर्दिष्ट गर्ने सन्दर्भनलाई दर्शकवाचक सन्दर्भन भनिन्छ । अतः कुनै पनि व्यक्ति, वस्तु वा धारणाजन्य विषयलाई तोकेर देखाउने सर्वनाम शब्दलाई दर्शकवाचक सन्दर्भन भनिन्छ । दर्शकवाचक सन्दर्भन पनि दुई प्रकारका हुन्छन्, निकटवर्ती र दूरवर्ती । वक्ताको नजिकैको सन्दर्भ जनाउने सन्दर्भन निकटवर्ती हुन् भने वक्ता भन्दा टाढाको सन्दर्भ जनाउने सन्दर्भन दुरवर्ती हुन् । यो, यी, यिनीहरू, यहाँ आदिलाई निकटवर्ती दर्शकवाचक सन्दर्भन भनिन्छ भने त्यो, ती, तिनीहरू, उहाँ, त्यहाँलाई दूरवर्ती दर्शकवाचक सन्दर्भन भनिन्छ ।

**तुलनात्मक सन्दर्भन**

सङ्कथनमा प्रस्तुत व्यक्ति, वस्तु, स्थान, समय वा विषयको तुलना देखाउने सन्दर्भनलाई तुलनात्मक सन्दर्भन भनिन्छ । यसले दुई वा दुईभन्दा बढी वस्तुका गुण वा विशेषतालाई उपमा गर्ने गर्दछ । ह्यालिडे र हसनले भनेका छन् : तुलनावाचक सन्दर्भन सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । सामान्य प्रारूपमा पहिचानात्मक (समान, बराबर आदि), सामानार्थक (उस्तै, त्यस्तै आदि) र विपरीतार्थक (भिन्न, अरू भिन्न) तुलना पर्दछन् भने विशिष्ट प्रारूपमा परिमाणात्मक (धेरै, थोरै, बराबरी) र गुणात्मक (राम्रो, बराबर आदि) पर्दछन् (भुसाल, २०७५, पृ. २२३) । तुलनात्मक सन्दर्भन मुख्यतया पूर्वसन्दर्भनका लागि र अंशत : पश्च सन्दर्भनका लागि प्रयोग गरिन्छ ।

**(आ) प्रतिस्थापन**

कुनै सङ्कथनमा आएका पद, पदावली तथा वाक्यलाई दोस्रो वाक्यमा नदोर्‍याइकन अर्को शब्दमा प्रयोग गरिएमा त्यसलाई प्रतिस्थापन भनिन्छ । यसले सङ्कथनमा आलङ्कारिकता, विविधता र विशिष्टता सिर्जना गरी कथनलाई मिठासपूर्ण बनाउने कार्य गर्दछ, तर यसले अर्थमा भिन्नता ल्याउँदैन । प्रतिस्थापनलाई नामिक प्रतिस्थापन, क्रिया

प्रतिस्थापन र उपवाक्यात्मक प्रतिस्थापन गरी तिन प्रकारले अध्ययन गर्न सकिन्छ । जुन निम्नानुसार रहेका छन् :

**नामिक प्रतिस्थापन**

नाम (संज्ञा) को ठाउँमा आउनेलाई नामिक प्रतिस्थापन भनिन्छ । जस्तै : अर्को कलम निकाल । यसले लेखेन । यस उदाहरणमा 'कलम' नामपदका स्थानमा 'यसको' प्रतिस्थापन भएको छ । त्यसकारण 'कलम' र 'यस' बिचको सम्बन्ध नामिक प्रतिस्थापनको सम्बन्ध हो ।

**क्रियात्मक प्रतिस्थापन**

एउटा क्रियापदको सट्टामा अर्को कुनै शब्दको प्रयोग भएमा त्यसलाई क्रियात्मक प्रतिस्थापन भनिन्छ । यसमा पहिले नै प्रयुक्त भएको क्रियापदको समान आशय व्यक्त गर्नका लागि वर्गीय क्रियाको प्रयोग गरिन्छ । जस्तै :

तिमी एकदमै छिटो खाँदैछौ ।

तिमी पनि त त्यसै गर्दैछौ नि ।

यहाँ 'खाँदैछौ' क्रियापदको सट्टामा 'गर्दैछौ' को प्रतिस्थापन भएको छ ।

**उपवाक्यात्मक प्रतिस्थापन**

कुनै उपवाक्यकै ठाउँमा अर्को शब्द आएमा त्यसलाई उपवाक्यात्मक प्रतिस्थापन भनिन्छ । यसमा सिङ्गो उपवाक्य नै प्रतिस्थापन हुन्छ । जस्तै :

केरा पाकेको हो ?

त्यस्तै देखिन्छ ।

माथिको उदाहरणमा 'केरा पाकेको' उपवाक्यलाई 'त्यस्तै' ले प्रतिस्थापन गरेको छ । यसलाई उपवाक्यात्मक प्रतिस्थापनको उदाहरणको रूपमा लिन सकिन्छ ।

(इ) लोप

वाक्यमा कुनै खास भाषिक एकाइको प्रयोग नगरिएमा लोप भएको मानिन्छ । यसले अभिव्यक्तिलाई संक्षिप्त बनाउने काम गर्छ । यसबाट अभिव्यक्ति भद्दा नभई अझ सघन र गतिलो हुन्छ । लोप भएका कुरालाई बोद्धाले सन्दर्भ वा कार्यकारण सम्बन्ध मिलाएर बुझ्दछ । जस्तै :

आमा - यो काम कसले गऱ्यो ?

छोरा - मैले ।

यहाँ छोराले दिएको अभिव्यक्तिमा 'गरे' क्रिया लोप भएको छ ।

प्रतिस्थापन झैँ लोपका पनि तिन ओटा प्रकारहरू रहेका छन् । (१) नामिक (२) क्रियात्मक (३) उपवाक्यात्मक । यिनको चर्चा निम्नानुसार गरिएको छ :

**नामिक लोप**

सङ्कथनमा प्रयुक्त कुनै नाम पद वा पदावलीको लोप हुनुलाई नामिक लोप भनिन्छ । जस्तै :

हरिका छोराछोरी आगनमा खेल्न मन पराँउछन् । दुबै (०) जहिले पनि आगनमा खेलिरहेका भेटिन्छन् ।

यस उदाहरणमा दुबै पछि नामिक पद 'छोराछोरी' लोप भएको छ ।

**क्रियापद लोप**

सङ्कथनमा प्रयुक्त कुनै क्रियापदको लोप हुनुलाई क्रियात्मक लोप भनिन्छ । यस्तो लोप भएको अवस्थामा पनि उक्त संरचनाबाट अर्थबोध भने गर्न सकिन्छ । जस्तै :

यो रूख कसले काट्यो ?

मैले (०) ।

**उपवाक्यात्मक लोप**

सङ्कथनमा प्रयुक्त कुनै उपवाक्यको लोप हुनुलाई उपवाक्यात्मक लोप भनिन्छ । उपवाक्यात्मक लोपमा उपवाक्यमा रहेका उद्देश्य, तत्त्व र विधेय तत्त्वअन्तर्गतका एकाधिक तत्त्वहरू लोप हुन्छन् । जस्तै :

ए मनिषा खाना खायौ ?

अँ (०) ।

**(ई) संयोजन**

विभिन्न सन्दर्भमा सम्बन्ध देखाउने प्रयोग हुने संयोजकहरू नै संयोजन सम्बद्धक हुन् । संयोजनले सङ्कथनमा प्रयुक्त वाक्य वा भाषिक तत्त्वहरूलाई पारस्परिक तुल्याउने कार्य गर्दछ । अतः वाक्यहरूलाई संयोजन गर्ने कार्य संयोजकले गर्दछ । संयोजकको कुनै स्वतन्त्र अर्थ भने हुँदैन । तर यिनले सङ्कथनमा वैचारिक शृङ्खलालाई अर्थपूर्ण सन्दर्भमा जोड्न विशिष्ट भूमिका खेलेका हुन्छन् । संयोजक सापेक्ष र निरपेक्ष गरी दुई प्रकारका हुन्छन् । सापेक्ष संयोजकमा र, अथवा, वा, किनतु, तापनि, या आदि पर्दछन् । निरपेक्ष संयोजकमा र, जे, जो, जुन, जसरी, भनेर, भन्ने, कि, किनभने, जति, जब आदि पर्दछन् । समग्रमा संयोजकहरूलाई योगात्मक, विपरितार्थक, कारणात्मक र कालिक संयोजक गरी चार प्रकारमा वर्गीकरण गरिएको पाइन्छ ।

**योगात्मक संयोजक**

सङ्कथनमा अभिव्यक्त कथन वा वाक्यमा अतिरिक्त सूचना थपोटका लागि प्रयोग गरिने संयोजकलाई योगात्मक संयोजक भनिन्छ । यसको सङ्कथनमा व्यक्त भएका विषयलाई थप खुलाउने, व्याख्या गर्ने, समान असमान सन्दर्भ जनाउने कार्यमा भूमिका रहेको हुन्छ । यसअन्तर्गत र, पनि, अथवा, वा, त्यसैगरी आदि संयोजक पर्दछन् ।

**विपरीतार्थी संयोजक**

दुई वाक्यहरूबिच विरोधको अवस्था सिर्जना गर्ने संयोजकलाई विपरीतार्थी संयोजक भनिन्छ । जस्तै : परन्तु, यद्यपि, तापनि, तर, किन्तु आदि ।

**कारणात्मक संयोजक**

कारण र परिमाणाबिचको सम्बन्ध देखाउने संयोजकलाई कारणात्मक संयोजक भनिन्छ । अत : वाक्यहरूकाबिच कार्यकारण सम्बन्ध स्थापित गर्ने संयोजकलाई कारणात्मक संयोजक भनिन्छ । यसअन्तर्गत किनभने, त्यसैले, त्यसकारण, तसर्थ, यसर्थ, अत, फलत, हुनाले, यसरी आदि संयोजकहरू पर्दछन् ।

**कालिक संयोजक**

समय वा कालको अवस्था बुझाउने संयोजकलाई कालिक संयोजक भनिन्छ । कालिक संयोजकले समयको अर्थबोध गराउने वाक्य वा अभिव्यक्तिलाई संयोजक गर्दछ । यसमा अहिले, उहिले, पहिले, पछि, अर्को, त्यसपछि, अहिलेसम्म, अन्त्यमा, त्यसपछि आदि संयोजकहरू पर्दछन् ।

**(ख) कोशीय सम्बद्धक**

वाक्यहरूभित्रको आपसी सम्बन्ध जनाउन सार्वनामिक वा अन्य युक्ति मात्र नभई कोशीय अर्थ सम्बन्धहरू पनि उपयोगी हुन्छन् । पर्यायवाची, विपरीतार्थी, समावेश्य-समावेशी, सन्निधान वा सहप्रयोग, प्रकारान्तर कथन आदि अर्थगत सम्बन्धहरूले पनि सम्बद्धकको कार्य गरेका हुन्छन् (अधिकारी, २०७४, पृ. २७३) । कोशीय सम्बद्धकले दुई वा सो भन्दा बढी शब्द, उपवाक्य र वाक्यकाबिचको आर्थी सम्बन्धलाई जनाउँदछ । ह्यालिडे र हसन (१९७६) ले दुई प्रकारका कोशीय सम्बद्धकहरूको चर्चा गरेका छन् । जसअन्तर्गत पुनरूक्ति र सन्निधान गरी दुई प्रकार पर्दछन् । जसको चर्चा निम्नानुसार गरिएको छ :

**(अ) पुनरूक्ति**

पुनरूक्ति सङ्कथनमा प्रयुक्त कोशीय एकाइको पुनर्कथन हो (शर्मा, २०७५, पृ. ३३) । यसमा कोशीय एकाइलाई जस्ताको त्यस्तै आवृत्ति गरेर सङ्कथनलाई सम्बद्धक गर्ने कार्य गरिन्छ । यसअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी- समावेश्य र अङ्गी-अङ्ग गरेर पाँच भेद रहेका छन् । जसको चर्चा निम्नानुसार गरिएको छ :

### पुनरावृत्ति

सङ्कथनमा प्रयुक्त कुनै कोशीय एकाइको आवृत्ति हुनुलाई पुनरावृत्ति भनिन्छ । जस्तैः त्यो केटा सधैँ हँसिलो देखिन्छ । वास्तवमा सबैसँग त्यो केटा हाँसेर कुरा गर्छ । यहाँ 'त्यो केटा' को पुनरावृत्ति भएको छ ।

### पर्यायवाची

सङ्कथनमा आई एउटै वा समान अर्थ बुझाउने फरक फरक शब्दलाई पर्यायवाची शब्द भनिन्छ । पर्यायवाची शब्दले सङ्कथनमा प्रयुक्त वाक्यको धारणालाई स्पष्ट पार्दछ । सङ्कथनमा व्यक्त धारणा, घटना वा प्रसङ्गलाई स्पष्ट पार्न पर्यायवाची शब्दको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यस्तै एउटै कोशीय एकाइको आवृत्ति हटाउन र उपयुक्त शब्दको चयन गरी अभिव्यक्ति व्यक्त गर्न यसले सघाउ पुऱ्याउँछ । जस्तैः (अर्नी-खाजा, अम्बा-बेलौती) आदि ।

### विपरीतार्थी

कुनै शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । सङ्कथनमा कतिपय शब्दहरूको स्पष्टताका लागि विपरीतार्थी शब्दको महत्त्वपूर्ण भूमिका रहन्छ । यसले सङ्कथनमा प्रयुक्त भाषिक एकाइका बिचमा विरोध सम्बन्ध जनाउँछ । जस्तैः होचो-अग्लो, ठूलो-सानो, मोटो-पातलो, आकाश-पाताल आदि ।

### समावेशी-समावेश्य

दुई वा दुईभन्दा बढी शब्दको अर्थ एउटै शब्दले समेट्न सक्ने शब्दलाई समावेशी शब्द भनिन्छ, भने जुन शब्दको अर्थ अर्को शब्दको अर्थमा समाहित हुन जान्छ त्यसलाई समावेशित शब्द भनिन्छ । 'फूल' शब्दले हजारी, सयपत्री, लालुपाते आदि लगायतका शब्दलाई समेट्दछ । यसकारण 'फूल' समावेशी शब्द हो । हजारी, सयपत्री, लालुपाते आदि समावेश्य शब्द हुन् ।

**अङ्गी-अङ्ग**

सङ्कथनमा प्रयुक्त पूर्णवाची र अंशवाची शब्दका बिचको सम्बन्धलाई अङ्गी-अङ्ग भनिन्छ । यसमा मूलवर्ग र तिनका भागका बिचको सम्बन्ध कायम हुन्छ । सन्दर्भअनुसार सङ्कथनमा अङ्गी-अङ्ग सम्बन्ध कायम भएको हुन्छ । जस्तै : फल- मेवा, स्याउ, सुन्तला, केरा आदिले समावेशी- समावेश्य सम्बन्ध देखाउँछ भने रूख- जरा, हाँगा, पात आदिले अङ्गी-अङ्ग सम्बन्धलाई जनाउँछ ।

(आ) **सन्निधान**

कुनै एउटा शब्दको कुनै अर्को शब्दसँग रहने सान्निध्य सम्बन्धलाई सन्निधान भनिन्छ । सङ्कथनमा खास शब्दहरूले एकथरी शब्दसँग सान्निध्यताको सम्बन्ध राख्दछ भने अर्को शब्दसँग राख्दैन । सन्निधान सम्बद्धकलाई सहप्रयोग, सहन्वय, सहविन्यास वा सहचार्य सम्बन्ध पनि भनिन्छ (भुसाल, २०६९, पृ. १६९) । सन्निधानले दुई शब्दहरू निकट रहने स्थितिलाई बुझाउँछ । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउने तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । जस्तैः भान्सा भात, गोलो भकुन्डो ।  समग्रमा शब्द वा वाक्यहरूकाबिच शृङ्खला मिलाउन, विचार वा भनाइलाई प्रभावकारी बनाउन सन्निधानको सङ्कथनमा महत्त्वपूर्ण भूमिका रहन्छ । सन्निधानात्मक सम्बन्ध उखान, टुक्कामा बढी मात्रामा पाइन्छ ।

**सङ्कथन निर्माणमा सम्बद्धकको भूमिका**

सङ्कथनले भाषाको सन्दर्भपूर्ण कथनको सिङ्गो पक्षलाई जनाउँछ । सङ्कथन सम्प्रेषणको सिङ्गो अभिव्यक्ति भएकाले यसको अध्ययन तथा विश्लेषणबाट भाषाको प्रकृति, प्रवृत्ति र प्रयोगको स्थिति थाहा पाउन मदत मिल्छ । वाक्यहरू सबै सान्दर्भिक र युक्तिसङ्गत नहुन सक्छ । यसकारण यिनीहरूलाई खास प्रसङ्गमा पूर्वापर, अन्वितिपूर्ण र सान्दर्भिक बने नबनेको ठम्याउन सङ्कथन विश्लेषणको आवश्यकता पर्दछ ।

वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूकाबिच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ । यो शब्द , पदावली, उपवाक्य एवं वाक्यकाबिच शृङ्खला वा अन्विति दर्साउन आउने एक किसिमको

युक्ति हो । यसलाई भाषिक एकाइहरूका बिचको अन्वयक वा जोडक पनि भनिन्छ । तसर्थ सङ्कथनका सन्दर्भमा सम्बद्धकलाई वाक्यभन्दा माथिल्लो तहमा अन्तरवाक्यीय सम्बद्धताका लागि प्रयुक्त हुने भाषिक जोर्नीका रूपमा लिइन्छ । अत : सम्बद्धकहरूले सङ्कथन निर्माणमा बुनोटको सिर्जना गरेका हुन्छन् (अधिकारी, २०७४, पृ. २७२-७४) ।

सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय सम्बद्धक पर्दछन् । व्याकरणिक सम्बद्धकअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन पर्दछन् । कोशीय सम्बद्धकले कोशीय एकाइको आवृत्तिलाई हटाउने, कथनसँग मिल्दा शब्द चयन गर्ने, कथनको समावेशी र समावेश्य सम्बन्ध हेर्ने, कुनै शब्दको अर्को शब्दसँगको सान्निध्य सम्बन्ध हेर्ने र अङ्गी-अङ्ग सम्बन्ध हेर्ने कार्य गर्दछ ।

ह्यालिडे (१९७६) का अनुसार सङ्कथनमा सम्बद्धकहरूको प्रयोग मात्र पर्याप्त छैन, यिनको प्रयोगमा सङ्कथनको प्रकृति अनुसारको उपयुक्तता समेतको ख्याल राखिनु पर्छ ।

समग्रमा सम्बद्धकले वाक्यलाई संरचनात्मक रूपमा जोड्ने सिक्री, संरचक वा गमको काम गर्दछ । यसको अभावमा सङ्कथन/पाठ सुसंरचित वा पूर्ण हुन सक्दैन । त्यसकारण सङ्कथनलाई व्याकरणिक र कोशीय रूपमा सम्प्रेषणीय बनाउन सम्बद्धकले सघाउने भएकाले सङ्कथन निर्माणमा सम्बद्धकको भूमिका महत्त्वपूर्ण हुन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधि र प्रक्रिया

शोधार्थीले आफ्नो शोधकार्यलाई सम्पन्न गर्ने शिलशिलामा सुरूदेखि अन्त्यसम्म अबलम्वन गर्ने तरिका, शैली तथा उपायलाई नै अध्ययन विधि तथा प्रक्रिया भनिन्छ । अनुसन्धानका क्रममा शोधको विषय वा शीर्षकअनुसार विधि र प्रक्रिया पनि फरक फरक हुन्छन् । प्रस्तुत शोधकार्यलाई विश्वसनीय र बस्तुनिष्ठ बनाई निर्दिष्ट उद्देश्य प्राप्त गर्नका लागि पुस्कालयीय अध्ययनमा आधारित भई गुणात्मक अनुसन्धान ढाँचाको अवलम्बन गरी वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

## अध्ययनको ढाँचा

अनुसन्धान कार्यलाई मार्ग निर्देशन गर्ने माध्यमका रूपमा अध्ययनको ढाँचालाई लिइन्छ । अध्ययनको ढाँचा सामान्यतः तिन किसिमको हुने गर्दछ : गुणात्मक, परिमाणात्मक र मिश्रित । प्रस्तुत अनुसन्धान कार्य गुणात्मक ढाँचामा आधारित रहेको छ । पुस्तकालयीय अध्ययनको माध्यमबाट सोद्देश्यमूलक तरिकाले लेख्य सामग्रीको सङ्कलन गरिएको छ । अतः यस अध्ययनमा 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषण गर्दा प्रतिशताङ्क तालिका र व्याख्यात्मक तथा विश्लेषणात्मक पद्धत्तिको अवलम्बन गरी निष्कर्ष निकालिएको छ ।

## नमुना छनोट पद्धति

प्रस्तुत शोधकार्यको लागि असम्भावनायुक्त नमुना छनोट पद्धतिअन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिबाट नमुना छनोट गरिएको छ । प्रस्तुत अध्ययन 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषणको अध्ययनमा आधारित भएकाले 'कथास्था' कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूमध्येबाट उद्देश्यमूलक तरिकाले 'एउटा विचारको यात्रापथ' कथालाई मात्र छनोट गरिएको छ । त्यसमा पनि 'एउटा विचारको यात्रापथ' कथा भित्रका प्रत्येक अनुच्छेदलाई नमुनाको रूपमा लिइएको छ ।

## तथ्याङ्क सङ्कलनका स्रोत सामग्री

शोधकार्य गर्दा उपयोगमा आउने तथ्याङ्क सङ्कलनका सामग्रीहरू विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । प्रस्तुत 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषण गर्दा प्राथमिक र द्वितीयक तथ्याङ्क सङ्कलनका स्रोतहरू उपयोग गरिएका छन् ।

### प्राथमिक स्रोत


अनुसन्धान कर्ताद्वारा प्रथम पटक सङ्कलन गरिएका तथ्याङ्लाई प्राथमिक स्रोतका तथ्याङ्कका रूपमा लिइन्छ, अर्थात् अनुसन्धान कर्ता आफै सम्बन्धित क्षेत्रमा गई सङ्कलन गरेका सूचनालाई प्राथमिक स्रोतका तथ्याङ्क भनिन्छ (घिमिरे र निउरे, २०७०, पृ. ७२) । प्रस्तुत शोधका लागि इन्द्र बहादुर राईद्वारा लिखित 'कथास्था' (२०२८) कथासङ्ग्रहभित्रको 'एउटा विचारको यात्रापथ' कथालाई प्राथमिक स्रोतको रूपमा उपयोग गरिएको छ । त्यसमा पनि 'एउटा विचारको यात्रापथ' कथाका सबै अनुच्छेदलाई प्राथमिक स्रोतको रूपमा उपयोग गरिएको छ ।

### द्वितीयक स्रोत

अनुसन्धानकर्ताले आफूभन्दा अघि अरू कसैले उपयोग र विश्लेषण गरेका सूचनाहरू अध्ययन गरेमा त्यस्ता तथ्याङ्कलाई द्वितीयक स्रोतका सामग्री भनिन्छ (घिमिरे र निउरे, २०७०, पृ. ७३) । प्रस्तुत शोधमा द्वितीयक तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा विभिन्न सङ्कथन विश्लेषणसम्बन्धी लेखिएका पुस्तक, लेखरचनाहरू, शब्दकोश र विभिन्न शोध प्रतिवेदनहरू, सङ्कथन सम्बद्ध शोधप्रबन्धहरूलाई उपयोग गरिएको छ ।

**धारणात्मक रूपरेखा**

यस अध्ययनलाई बस्तुगत, व्यवस्थित र प्रभावकारी बनाउन निम्नानुसारको धारणात्मक रूपरेखामा प्रस्तुत गरिएको छ :




उपर्युक्त धारणात्मक रूपरेखाका आधारमा यो शोधकार्य सम्पन्न गरिएको छ ।

**व्याख्या तथा विश्लेषण**

प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान भएकाले यसको अध्ययन प्रक्रिया पनि व्याख्यात्मक एवम् विश्लेषणात्मक रहेको छ । प्रस्तुत शोधकार्यमा 'एउटा विचारको यात्रापथ' कथाको विश्लेषण साङ्कथनिक सिद्धान्तका आधारमा गरिएको छ । त्यस्तै ऊर्ध्वगमन, अधोगमन र अन्तर्क्रियात्मक पद्धतिमध्ये अन्तर्क्रियात्मक पद्धतिका आधारमा कथाको विश्लेषण गरिएको छ ।

प्रस्तुत 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धकको विश्लेषण गरिएको छ । व्याकरणिक सम्बद्धकको अध्ययन विश्लेषणका क्रममा सन्दर्भन, प्रतिस्थापन, लोप तथा संयोजन सम्बद्धकको गहन विश्लेषण गरिएको छ । जसमा सन्दर्भनअन्तर्गत व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मक सन्दर्भन, प्रतिस्थापन सम्बद्धकअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन, लोपअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक लोप तथा संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक संयोजनको प्रयोगपरक स्थितिको व्याख्या गरिएको छ । पुनरूक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग प्रारूपहरूको प्रयोगपरक स्थितिको विश्लेषण गरिएको छ । यस्तै कोशीय सम्बद्धकको अध्ययन विश्लेषणका क्रममा पुनरूक्ति र सन्निधान सम्बद्धकको विश्लेषण गरिएको छ ।

समग्रमा कथाको सम्बद्धकको अवस्थाको तुलना गरी प्रभावकारी रूपमा प्रस्तुत गर्न प्रतिशताङ्क तालिकामा सोको अवस्था प्रस्तुत गरिएको छ । व्याख्या विश्लेषणलाई तार्किक र बोधगम्य बनाउन आवश्यकताअनुसार कथाबाट उदाहरणहरू पनि प्रस्तुत गरिएका छन् । उपर्युक्त तौरतरिकाबाट प्राप्त तथ्यका आधारमा अध्ययनको निष्कर्ष निकालिएको छ ।

# अध्याय चार
# व्याकरणिक सम्बद्धकका आधारमा 'एउटा विचारको यात्रापथ' कथाको विश्लेषण

## 'एउटा विचारको यात्रापथ' कथामा व्याकरणिक सम्बद्धक

'एउटा विचारको यात्रापथ' कथा कथाकार इन्द्रबहादुर राईद्वारा रचित 'कथास्था' (२०२८) कथा सङ्ग्रहभित्रको एक उत्कृष्ट विचारप्रधान र आयामेली लेखन शैलीमा आधारित कथा हो । कुल चौबीस अनुच्छेदमा संरचित यस कथामा विभिन्न प्रकारका व्याकरणिक सम्बद्धकको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त व्याकरणिक सम्बद्धकको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

## व्याकरणिक सम्बद्धक

व्याकरणिक कोटिका आधारमा वाक्यलाई सङ्कथनमा अन्विति गर्ने सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ, अर्थात् सङ्कथनात्मक संरचनामा आई व्याकरणिक सम्बन्ध दर्शाउने सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ । व्याकरणिक सम्बद्धकअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन पर्दछन् । 'एउटा विचारको यात्रापथ' कथामा यी चारै प्रारूपका व्याकरणिक सम्बद्धकको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त व्याकरणिक सम्बद्धक र तिनको कथा निर्माणमा रहेको भूमिकाको अध्ययन निम्नानुसार गरिएको छ :

### अ) सन्दर्भन

सङ्कथनमा पद, पदावली, उपवाक्य र वाक्यको पुनरावृत्तिलाई रोकी साङ्कथनिक सन्दर्भन जनाउने भाषिक तत्त्वलाई सन्दर्भन भनिन्छ । यसले सङ्कथनमा प्रस्तुत घटना, विषय, स्थान वा सहभागिलाई जनाउने कार्य गर्दछ । सन्दर्भन पुरूषवाचक, दर्शकवाचक र तुलनात्मक गरी तिन प्रकारका रहेका छन् । 'एउटा विचारको यात्रापथ' कथामा तिन ओटै सन्दर्भनको प्रयोग गरिएको पाइन्छ । जसको अध्ययन  निम्नानुसार गरिएको छ  :

**पुरूषवाचक सन्दर्भन**

सङ्कथनमा वक्ता, श्रोता र विषयगत सन्दर्भ जनाउन आउने शब्दलाई पुरूषवाचक सन्दर्भन भनिन्छ । पाठमा प्रयुक्त व्यक्ति, बस्तु वा विषयलाई दर्शाउनका लागि पुरूषवाचक सन्दर्भनहरूको प्रयोग गरिन्छ । यी सन्दर्भन प्रथम, द्वितीय र तृतीय पुरूष गरी तिन प्रकारका रहेका छन् । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त पुरूषवाचक सन्दर्भनहरू निम्नानुसार रहेका छन् :

त्यसले, मलाई, आफ्नो, त्यो, यी, मेरो, म, यसलाई, यी, यी, मैले, मलाई, म, म, मेरो, ऊ, म, म, मैले, मलाई, मैले, मैले, हामीहरूलाई, तिनीहरूको, तपाइँको, मैले, म, आफ्नो, तपाइँहरूले, तपाइँहरूले, उसले, उनीहरू, उसले, मलाई, ऊ, उसको, उसको, मेरो, म, हामि, उसको, हामि, मरो, म, मैले, मैले, उसले, मैले, मलाई, मैले, मेरो, उसले, उसलाई, त्यो, त्यो, म, मैले, उसले, मेरो, मेरो, मेरो, मैले, यो, मेरो, त्यो, मैले, त्यो, मेरो, म, मैले, म, उसको, यी = जम्मा ७३ ओटा ।

यसअनुसार 'एउटा विचारको यात्रापथ' कथामा कुल ७३ ओटा पुरूषबाचक सन्दर्भनहरूको प्रयोग गरिएको छ । कथामा प्रयुक्त उल्लेखित पुरूषबाचक सन्दर्भनहरू र अनुच्छेद परिशिष्टमा उल्लेख गरिएको छ । कथाका विभिन्न अनुच्छेदहरूमा प्रयुक्त पुरूषवाचक सन्दर्भनहरूले कथामा प्रस्तुत व्यक्ति, बस्तु वा विषयलाई सन्दर्भित गर्ने काम गरेका छन् । कथामा रहेका सन्दर्भनहरू प्रथम, द्वितीय र तृतीय पुरूषवाचक सार्वनामिक विशेषणका रूपमा आएका छन् । यसकारण 'एउटा विचारको यात्रापथ' कथा सम्बद्धकका दृष्टिले उपयुक्त बनेको देखिन्छ ।

**दर्शकवाचक सन्दर्भन**

सङ्कथनमा कुनै नजिक वा टाढाको बिषय वा बस्तुलाई निर्दिष्ट गर्ने सन्दर्भनलाई दर्शकवाचक सन्दर्भन भनिन्छ । अतः कुनै पनि व्यक्ति, बस्तु वा धारणाजन्य विषयलाई तोकेर देखाउने सर्वनाम शब्द दर्शकवाचक सन्दर्भन हुन् । दर्शकवाचक सन्दर्भन पनि दुई प्रकारका हुन्छन्, निकटवर्ती र दूरवर्ती । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त दर्शकवाचक सन्दर्भनहरू निम्नानुसार रहेका छन् :

त्यो (स्कुल), यो (निराश), यी (रहस्यहरू), यी (नभए), यो (फेरीवाल), त्यो (सङ्ख्या), यो (सोच), त्यो (बाघ), यो (जीवन), यो (धक्का), ती (महान्हरू), यिनीहरू (आदर्शवादीहरू) = जम्मा १३ ओटा ।

यसअनुसार 'एउटा विचारको यात्रापथ' कथामा कुल १३ ओटा दर्शकवाचक सन्दर्भनहरू प्रयोग गरिएको पाइन्छ । कथामा प्रयोग गरिएका दर्शकवाचक सन्दर्भनहरूलाई परिशिष्टमा उल्लेख गरिएको छ । कथामा प्रयुक्त सन्दर्भनहरूले प्रसङ्गअनुसार विभिन्न बस्तु, व्यक्ति वा विषयलाई निर्देशित गरेका छन् । कथामा यो, त्यो, यी, जस्ता सन्दर्भनहरूको प्रयोग बढी भएको देखिन्छ । अतः कथामा प्रयुक्त दर्शकवाचक सन्दर्भनहरूले पूर्व र पश्च् विषय सन्दर्भलाई संयोजित गरी कथालाई थप सान्दर्भिक बनाउने कार्य गरेका छन् ।

**तुलनात्मक सन्दर्भन**

सङ्कथनमा प्रस्तुत व्यक्ति, बस्तु, स्थान, समय वा विषयको तुलना देखाउने सन्दर्भनलाई तुलनात्मक सन्दर्भन भनिन्छ । यसले दुई वा दुईभन्दा बढी वस्तुका गुण वा विशेषतालाई उपमा गर्ने गर्दछ । यसअन्तर्गत सामान्य र विशिष्ट गरी दुई प्रकारका सन्दर्भनहरू पर्दछन् । भने पहिचानात्मक, सामानार्थक, विपरीतार्थक, परिमाणात्मक एवम् गुणात्मक तुलनावाची शब्दहरू प्रयोग हुन्छन् । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त तुलनात्मक सन्दर्भनहरू निम्नानुसार रहेका छन् :

| अनुच्छेद | तुलनात्मक सन्दर्भन | सन्दर्भित एकाइ |
|---|---|---|
| ४ | जस्तो | सानोमा जस्तो |
| ८ | जस्तो | कुकुर जस्तो |
| २४ | जसरी | एउटा किराले जीवन बिताउँछ |
| २४ | त्यसरी | मान्छेको जीवन वित्नुपर्छ |
| | जम्मा | ४ ओटा |

'एउटा विचारको यात्रापथ' कथामा जम्मा ४ ओटा तुलनात्मक सन्दर्भनहरूको प्रयोग गरिएको पाइन्छ । कथामा तुलनात्मक सन्दर्भनहरू चौथौँ, आठौँ र चौबीसौँ अनुच्छेदमा रहेका छन् । कथामा प्रयुक्त तुलनात्मक सन्दर्भनले दुई व्यक्ति, विषय, गुण वा प्रवृत्तिलाई तुलना गरी पूर्ववर्ती विषय सन्दर्भसँग पश्चवर्ती विषय सन्दर्भलाई निर्देशित गर्ने कार्य गरेको

देखिन्छ । यसरी तुलनात्मक सन्दर्भनले कथाको सम्बद्धक निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

समग्रमा 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त सन्दर्भन सम्बद्धकलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

तालिका १

*'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त सन्दर्भन सम्बद्धकको समग्र स्थिति*

| सन्दर्भन सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यक्तिवाचक सन्दर्भन | ७३ | ८१.११% |
| दर्शकवाचक सन्दर्भन | १३ | १४.४४% |
| तुलनात्मक सन्दर्भन | ४ | ४.४४% |
| जम्मा | ९० | १००% |

यसप्रकार 'एउटा विचारको यात्रापथ' कथामा जम्मा ९० ओटा सन्दर्भन सम्बद्धकको प्रयोग गरिएको देखिन्छ । जसमध्ये पुरूषवाचक सन्दर्भन सम्बद्धकको प्रयोग बढी भएको देखिन्छ

**(आ) प्रतिस्थापन**

कुनै सङ्कथनमा आएका पद, पदावली तथा वाक्यलाई दोस्रो वाक्यमा नदोऱ्याइकन अर्को शब्दमा प्रयोग गरिएमा त्यसलाई प्रतिस्थापन भनिन्छ । यसले सङ्कथनमा आलङ्कारिकता, विविधता र विशिष्टता सिर्जना गरी कथनलाई मिठासपूर्ण बनाउने कार्य गर्दछ । तर यसले अर्थमा भिन्नता ल्याउँदैन । प्रतिस्थापनलाई नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन गरी तिन प्रकारले अध्ययन गर्न सकिन्छ । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त प्रतिस्थापन सम्बद्धक र तिनको कथाको संरचना निर्माणमा रहेको भूमिकाको अध्ययन निम्नानुसार गरिएको छ :

**नामिक प्रतिस्थापन**

नाम (संज्ञा) को ठाउँमा आउनेलाई नामिक प्रतिस्थापन भनिन्छ । यसले सङ्कथनमा नामपद वा पदावलीको सट्टा आई सोहिअनुरूपको कार्यसम्पादन गर्दछ । 'एउटा विचारको यात्रापथ' कथामा नामिक प्रतिस्थापनको प्रयोग निम्नानुसार गरिएको छ :

| अनुच्छेद | नामिक प्रतिस्थापन | प्रतिस्थापित नाम |
|---|---|---|
| ९ | लवज | भाषा |
| | दाइ | फेरीवाल |
| | अनुचर | भक्त |
| | जोगी | फेरीवाल |
| ११ | जोगी | फेरीवाल |
| २१ | ठगार | फेरीवाल |
| २२ | नानी | छोरी |
| | माग्ने | फेरीवाल |
| २४ | जीन्दगी | जीवन |
| | जम्मा | ८ ओटा |

लवज, दाई, अनुचर, जोगी, जोगी, ठगाहारहरू, नानी, माग्ने, जीन्दगी जम्मा = ८ ओटा ।

'एउटा विचारको यात्रापथ' कथामा जम्मा ८ ओटा नामिक प्रतिस्थापनको प्रयोग गरिएको छ । कथामा प्रयोग गरिएका उक्त नामिक प्रतिस्थापन नवौं, एघारौं, एक्काइसौं, बाइसौं र चौबीसौं अनुच्छेदमा रहेका छन् । कथामा फेरीवाललाई बढी मात्रामा प्रतिस्थापन गरिएको छ । उक्त प्रतिस्थापनहरूले कथामा सम्बद्धक निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

**क्रियात्मक प्रतिस्थापन**

एउटा क्रियापदको सट्टामा अर्को कुनै शब्दको प्रयोग भएमा त्यसलाई क्रियात्मक प्रतिस्थापन भनिन्छ । यसमा पहिले नै प्रयुक्त भएको क्रियापदको समान आशय व्यक्त गर्नका लागि वर्गीय क्रियाको प्रयोग गरिन्छ । 'एउटा विचारको यात्रापथ' कथामा क्रियात्मक

प्रतिस्थापकको न्यून मात्रामा प्रयोग गरेको पाइन्छ । कथामा प्रयुक्त क्रियात्मक प्रतिस्थापकहरू निम्नानुसार रहेका छन् :

| अनुच्छेद | क्रियात्मक प्रतिस्थापन | प्रतिस्थापित क्रिया |
|---|---|---|
| ३ | गुन्गुनाउँछ | फुक्छ |
| ३ | बुझिन्छ | हुन्छ |
| ३ | जाग्छु | उठ्छु |
| | जम्मा | ३ ओटा |

यसअनुसार 'एउटा विचारको यात्रापथ' कथामा कुल ३ ओटा क्रियात्मक प्रतिस्थापनको प्रयोग गरिएको छ । कथामा उल्लेखित क्रियात्मक प्रतिस्थापनहरू कथाको तेस्रो अनुच्छेदमा प्रयोग भएका छन् । उक्त क्रियात्मक प्रतिस्थापनले गर्दा कथा व्याकरणिक सम्बद्धकका दृष्टिले उपयुक्त बनेको छ ।

**उपवाक्यात्मक प्रतिस्थापन**

कुनै उपवाक्यकै ठाउँमा अर्को शब्द आएमा त्यसलाई उपवाक्यात्मक प्रतिस्थापन भनिन्छ । यसमा सिङ्गो उपवाक्य नै प्रतिस्थापन हुन्छ । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त उपवाक्यात्मक प्रतिस्थापन निम्नानुसार रहेका छन् :

| अनुच्छेद | उपवाक्यात्मक प्रतिस्थापन | प्रतिस्थापित उपवाक्य |
|---|---|---|
| २ | म यसलाई पैल्याउँछु । | कुण्ठिएको विचार । |
| ८ | जस्तो भुक्यो । | कुकुर भुक्यो । |
| २२ | त्यै दिएँ । | इस्कुस दिएँ । |
| २२ | त्यो गयो । | फेरीवाल गयो । |
| | जम्मा | ४ ओटा |

'एउटा विचारको यात्रापथ' कथामा ४ ओटा उपवाक्यात्मक प्रतिस्थापनहरूको प्रयोग गरिएको छ । उल्लेखित उपवाक्यात्मक प्रतिस्थापनहरू कथाको दोस्रो, आठौं, र बाइसौं अनुच्छेदमा प्रयोग भएका छन् । कथामा प्रयोग भएका उपवाक्यात्मक प्रतिस्थापनहरूले पूर्ववर्ती उपवाक्यहरूलाई सोही रूपमा दर्शाएर कथामा पूर्व र पश्च विषयलाई संयोजन गर्ने कार्य गरी कथामा सम्बद्धक निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त प्रतिस्थापन सम्बद्धकको अवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

तालिका २

*'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त प्रतिस्थापन सम्बद्धकको समग्र स्थिति*

| प्रतिस्थापक सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक प्रतिस्थापन | ८ | ५३.३४% |
| क्रियात्मक प्रतिस्थापन | ३ | २०.१% |
| उपवाक्यात्मक प्रतिस्थापन | ४ | २६.६७% |
| जम्मा | १५ | १००% |

'एउटा विचारको यात्रापथ' कथामा प्रतिस्थापन सम्बद्धक ३ प्रकारका रहेका छन् । जसमा नामिक प्रतिस्थापन ५३.३४% प्रयोग भएको छ भने उपवाक्यात्मक र क्रियात्मक प्रतिस्थापनको प्रयोग क्रमश : २६.६७% र २०.१% रहेको पाइन्छ ।

**(इ) लोप**

वाक्यमा कुनै खास भाषिक एकाइको प्रयोग नगरिएमा लोप भएको मानिन्छ । यसले अभिव्यक्तिलाई संक्षिप्त बनाउने काम गर्छ । यसबाट अभिव्यक्ति भद्दा नभई अझ सघन र गतिलो हुन्छ । लोप भएका कुरालाई बोद्धाले सन्दर्भ वा कार्यकारण सम्बन्ध मिलाएर बुझ्दछ । लोप सम्बद्धकका नामिक, क्रियात्मक र उपवाक्यात्मक गरी ३ भेद रहेका छन् । 'एउटा विचारको यात्रापथ' कथामा यी तिनै प्रकृतिका लोपको प्रयोग गरिएको छ । जसको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

**नामिक लोप**

सङ्कथनमा प्रयुक्त कुनै नाम पद वा पदावलीको लोप हुनुलाई नामिक लोप भनिन्छ । यसमा पूर्व प्रस्तुत शीर्ष नामको लोप भई त्यसको रीक्त स्थान कायम रहेको हुन्छ । कथामा सन्दर्भअनुसार विभिन्न नामिक शब्दहरूको लोप हुने गर्दछ । 'एउटा विचारको यात्रापथ' कथामा निम्नानुसारका नामिक पदहरू लोप भएका छन् :

छोरीले, फेरीवाल, मेरो, ऊ, ऊ, म, मेरो, मैले, तिनीहरूले, उनीहरू, त्यो, यो । = जम्मा १२ ओटा

यस अनुसार 'एउटा विचारको यात्रापथ' कथामा जम्मा १२ ओटा नामिक पदहरूको लोप भएको छ । कथामा प्रयुक्त लोप परिशिष्टमा उल्लेख गरिए बमोजिम कथाका विभिन्न अनुच्छेदहरूमा रहेको छ । प्रस्तुत कथामा नामिक शब्दहरू (नाम, सर्वनाम) को लोप भएको देखिन्छ । कथामा लोप भएका नामिक शब्दहरू कथाका पूर्ववाक्यमा प्रयुक्त सन्दर्भअनुसार पहिचान गर्न सकिन्छ । कथामा विषयवस्तुलाई संक्षिप्त बनाउन नामिक लोपबाट सहायता पुगेको पाइन्छ । अतः प्रस्तुत कथामा सम्बद्धक निर्माणमा नामिक लोपको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**क्रियापद लोप**

सङ्कथनमा प्रयुक्त कुनै क्रियापदको लोप हुनुलाई क्रियात्मक लोप भनिन्छ । यस्तो लोप भएको अवस्थामा पनि उक्त संरचनाबाट अर्थबोध भने गर्न सकिन्छ । यसमा लोप भएको क्रियाको पहिचान गर्न पूर्व वाक्यमा भर पर्नुपर्ने हुन्छ । 'एउटा विचारको यात्रापथ' कथामा केहि मात्रामा क्रियात्मक लोप भएको पाइन्छ । प्रस्तुत कथामा रहेका क्रियात्मक लोपहरू निम्नानुसार रहेका छन् :

- दिनैपिच्छे छोरीलाई स्कुल पठाउनु (पठाउन्छु) । (अ. १)
- यी मात्रै जीवन र जीवनका सामग्री (हुन्) । (अ. १)
- मैलो लुगाको फुस्रोहरू मिसिएको ह्वास्स गन्ध (आयो) । (अ. १९)

पठाउछु, हुन्, आयो । जम्मा ३ ओटा ।

'एउटा विचारको यात्रापथ' कथामा जम्मा ३ ओटा क्रियाको लोप भएको पाइन्छ । कथामा रहेका उक्त लोप एक र उन्नाइसौं अनुच्छेदमा रहेका छन् । कथामा लुप्त रहेका क्रियापदहरूलाई विषय र सन्दर्भअनुसार पहिचान गर्न सकिन्छ । कथामा प्रयुक्त क्रियापद लोप हुँदा पनि व्यक्त भाव वा आशयको बोध भने गर्न सकिन्छ । प्रयुक्त लोपबाट कथालाई संक्षिप्त बनाउनका साथै कथा थप सम्बद्धकयुक्त बन्न पुगेको छ ।

**उपवाक्यात्मक लोप**

सङ्कथनमा प्रयुक्त कुनै उपवाक्यको लोप हुनुलाई उपवाक्यात्मक लोप भनिन्छ । उपवाक्यात्मक लोपमा उपवाक्यमा रहेका उद्देश्य, तत्त्व र विधेय तत्त्वअन्तर्गतका एकाधिक तत्त्वहरू लोप हुन्छन् । उपवाक्यात्मक लोप पहिचानका लागि पाठको पूर्वप्रसङ्गसँग परिचित हुनु आवश्यक हुन्छ । 'एउटा विचारको यात्रापथ' कथामा केहि उपवाक्यात्मक लोप भएको देखिन्छ । कथामा प्रयुक्त उपवाक्यात्मक लोपलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- म अझै सुन्ने बल गरिरहेको हुन्छु । (फेरीवालले फेरी फुक्छ) । (अ. ३)
- घरदेखि ओह्लालै गयो । (सेतो बर्को ओढेको मान्छे) । (अ. ८)
- यो मैले सोच्न सकेको थिइनँ ! (फेरीवालको पनि जमात हुन्छ भनेर) । (अ. १८)
- त्यै दिएँ । (एक दाना इस्कुस दिएँ) । (अ. २२)

फेरीवालले फेरी फुक्छ, सेतो बर्को ओढेको मान्छे, फेरीवालको पनि जमात हुन्छ, एक दाना इस्कुस दिएँ । जम्मा ३ ओटा ।

'एउटा विचारको यात्रापथ' कथामा कुल ४ ओटा उपवाक्यात्मक लोप रहेको पाइन्छ । कथामा रहेका उक्त उपवाक्यात्मक लोपहरू कथाको तेस्रो, आठौं, अठारौं र बाइसौं अनुच्छेदमा रहेका छन् । उक्त उपवाक्यात्मक लोपहरू कथामा प्रस्तुत पूर्वसन्दर्भ, घट्ना, प्रसङ्ग र विषयका आधारमा पहिचान गर्न सकिन्छ । यिनले कथाको सम्बदध्क निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

समग्रतः 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त लोप सम्बद्धकलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ३

*'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त लोप सम्बद्धक*

| लोप सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक लोप | १२ | ६३.१६% |
| क्रियात्मक लोप | ३ | १५.७९% |
| उपवाक्यात्मक लोप | ४ | २१.१% |
| जम्मा | १९ | १००% |

यसअनुसार 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त लोप सम्बद्धकमध्ये नामिक लोपको प्रयोग अन्य लोपका तुलनामा बढी ६३.१६% रहेको पाइन्छ भने क्रियात्मक र उपवाक्यात्मक लोपको प्रयोग १५.७९% र २१.१% रहेको देख्न सकिन्छ ।

### (ई) संयोजन

सङ्कथनमा प्रयुक्त वाक्यांश वा वाक्यलाई परस्परमा जोड्ने युक्तिलाई नै संयोजन भनिन्छ । संयोजनले सङ्कथनमा प्रयुक्त वाक्य वा भाषिक तत्त्वहरूलाई पारस्परिक तुल्याउने कार्य गर्दछ । अतः वाक्यहरूलाई संयोजन गर्ने कार्य संयोजकले गर्दछ । संयोजकको कुनै स्वतन्त्र अर्थ भने हुँदैन, तर यिनको सङ्कथनमा वैचारिक शृङ्खलालाई अर्थपूर्ण सन्दर्भमा जोड्न विशिष्ट भूमिका रहेको हुन्छ । संयोजनलाई व्याकरणिक सम्बद्धकका चार प्रकारमध्ये अन्तिम प्रकारका रूपमा लिइन्छ । यसका योगात्मक, विपरीतार्थक, कारणात्मक र कालिक गरी चार प्रकार रहेका छन् । 'एउटा विचारको यात्रापथ' कथामा यी चारै प्रकारका सम्बद्धकको प्रयोग गरेको पाइन्छ । जसको व्याख्या निम्नानुसार गरिएको छ :

#### योगात्मक संयोजक

सङ्कथनमा अभिव्यक्त कथन वा वाक्यमा अतिरिक्त सूचना थपोटका लागि प्रयोग गरिने संयोजकलाई योगात्मक संयोजक भनिन्छ । यसको सङ्कथनमा व्यक्त भएका विषयलाई थप खुलाउने, व्याख्या गर्ने, समान असमान सन्दर्भ जनाउने कार्यमा भूमिका रहेको हुन्छ । यसअन्तर्गत र, पनि, अथवा, वा, त्यसैगरि आदि संयोजक पर्दछन् । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त योगात्मक संयोजक निम्नानुसार रहेका छन् :

र, र, र, पनि, पनि, पनि, र, पनि, पनि, पनि, पनि, पनि, पनि, र, र, पनि, र, र, र, र, र, र, पनि, र, पनि, र, पनि, र, र, र, र, र । जम्मा ३२ ओटा ।

यसप्रकार 'एउटा विचारको यात्रापथ' कथामा जम्मा ३२ ओटा योगात्मक संयोजक प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त योगात्मक संयोजकहरू र अनुच्छेद परिशिष्टमा उल्लेख गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त योगात्मक संयोजनहरूको पूर्ववर्ती वाक्यमा निहित कुरामा अतिरिक्त सूचना थपोट गर्ने कार्य गरेका छन् । अत : योगात्मक संयोजकले वाक्यमा प्रस्तुत पूर्ववर्ती र उत्तरवर्ती विषयवस्तुलाई संयोजन गरी कथालाई सम्बद्ध तुल्याउने कार्य गरेको देखिन्छ ।

**विपरीतार्थी संयोजक**

दुई वाक्यहरूबिच विरोधको अवस्था सिर्जना गर्ने संयोजकलाई विपरीतार्थी संयोजक भनिन्छ । जस्तै : परन्तु, यद्यपी, तापनि, तर, किन्तु आदि । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त विपरीतार्थी संयोजकहरू निम्नानुसार रहेका छन् :

तर, तर, तर, तर, तर, जसरी = जम्मा ६ ओटा ।

यसअनुसार 'एउटा विचारको यात्रापथ' कथामा कुल ६ ओटा विपरीतार्थी संयोजकहरूको प्रयोग गरिएको देखिन्छ । कथामा प्रयुक्त विपरीतार्थी संयोजक र अनुच्छेद परिशिष्टमा उल्लेख गरिएको छ । खासगरी कथाको एक, अठारौं र चौबीसौं अनुच्छेदमा विपरीतार्थी संयोजकहरूको प्रयोग गरिएको छ । प्रयुक्त संयोजकहरूले कथामा पूर्व र पश्च रूपमा प्रस्तुत विषय सन्दर्भलाई विपरीतार्थी रूपमा संयोजन गर्ने कार्य गरेका छन् । जसबाट कथाको सम्बद्धक निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह भएको पाइन्छ ।

**कारणात्मक संयोजक**

कारण र परिमाणाबिचको सम्बन्ध देखाउने संयोजकलाई कारणात्मक संयोजक भनिन्छ । अत : वाक्यहरूकाबिच कार्यकारण सम्बन्ध स्थापित गर्ने संयोजकलाई कारणात्मक संयोजक भनिन्छ । यसअन्तर्गत किनभने, त्यसैले, त्यसकारण, तसर्थ, यसर्थ, अत, फलत, हुनाले, यसरी आदि संयोजकहरू पर्दछन् । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त कारणात्मक संयोजकहरू निम्नानुसार रहेका छन् :

- निकै अघि निस्किएको घरमालिकले भन्यो - "जोगी सुतेको छ, फेरीवाल ।" (अ. १५)
- उता उज्यालेमा पुगिसकेको उसले दिक्क मानेर भन्यो - "पच्चीस तीस जना होला ।" (अ. १७)
- सुके बजारमा आइपुगेर मैले एउटा दाज्युलाई सबै चोट सुनाएँ । उसले भन्यो - "आदर्शहरू त्यसरी एक एक गर्दै सबै ढल्दै जान्छ ।" (अ. २०)
- घरको दैलोमा दस रकमका माग्ने र ठग्नेहरू आएर उभिरहन्छन् । त्यसैले मेरो घरमा एउटा नियम छ । (अ. २१)

'एउटा विचारको यात्रापथ' कथामा जम्मा ४ ओटा कारणात्मक संयोजकको प्रयोग भएको देखिन्छ । कथामा प्रयोग भएका उल्लेखित कारणात्मक संयोजकहरू पन्ध्रौं, सत्रौं, बीसौं र एक्काइसौं अनुच्छेदमा रहेका छन् । यी संयोजकले पूर्व र पश्च घट्नालाई कार्यकारण रूपमा संयोजन गरेका छन् । जसले गर्दा कथा कारणात्मक सम्बद्धकका दृष्टिले उपयुक्त बनेको देखिन्छ ।

### कालिक संयोजक

समय वा कालको अवस्था बुझाउने संयोजकलाई कालिक संयोजक भनिन्छ । कालिक संयोजकले समयको अर्थबोध गराउने वाक्य वा अभिव्यक्तिलाई संयोजक गर्दछ । यसमा अहिले, उहिले, पहिले, पछि, अर्को, त्यसपछि, अहिलेसम्म, अन्त्यमा, त्यसपछि आदि संयोजकहरू पर्दछन् । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त कालिक संयोजनहरू निम्नानुसार रहेका छन् :

आज, अर्को साल, आज, साँझको, मध्यरात, रातभरी, पहिलो रात, भालि बिहान, बिहान, राति, रातमा, त्यतिबेला, एकरात, एकबिहान, युग, आज, एक दिन, आज, भोलि, हिजो राति, बिहान, पहिले, एउटा दिनले । = जम्मा २४ ओटा ।

'एउटा विचारको यात्रापथ' कथामा जम्मा २४ ओटा कालिक संयोजक प्रयोग गरिएको देखिन्छ । कथामा प्रयोग गरिएका कालिक संयोजकहरू र प्रयुक्त अनुच्छेदलाई परिशिष्टमा उल्लेख गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त संयोजकहरूले विभिन्न घट्ना, प्रसङ्गलाई संयोजन गर्ने कार्य गरेका छन् । जसको परिणामस्वरूप कथामा निहित पूर्व घट्ना

वा प्रसङ्गलाई पश्च घट्ना वा प्रसङ्गसँग समयगत शिलशिला कायम गरेको छ । फलतः प्रस्तुत कथा सम्बद्धकका दृष्टिले उपयुक्त बनेको देखिन्छ ।

समग्रतः 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त संयोजक सम्बद्धकको समग्र स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ४

*'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त संयोजक सम्बद्धकको समग्र स्थिति*

| संयोजक सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| योगात्मक संयोजक | ३२ | ४८.४८% |
| विपरीतार्थी संयोजक | ६ | ९.९% |
| कारणात्मक संयोजक | ४ | ६.६% |
| कालिक संयोजक | २४ | ३६.३६% |
| जम्मा | ६६ | १००% |

'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त संयोजक सम्बद्धकमध्ये सबैभन्दा बढी योगात्मक संयोजक ४८.४८% प्रयोग भएको छ भने कालिक, विपरीतार्थी र कारणात्मक संयोजकको प्रयोग क्रमश : ३६.३६%, ९.९% र ६.६% भएको पाइन्छ ।

तालिका ५

*'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त व्याकरणिक सम्बद्धकको समग्र स्थिति*

| व्याकरणिक सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्दर्भन | ९० | ४७.३७% |
| प्रतिस्थापन | १५ | ७.९०% |
| लोप | १९ | १०.१% |
| संयोजन | ६६ | ३४.७४% |
| जम्मा | १९० | १००% |

यसप्रकार 'एउटा विचारको यात्रापथ' कथामा सन्दर्भन सम्बद्धकको प्रयोग अत्यधिक अर्थात् ४७.३७% भएको पाइन्छ । भने संयोजन, प्रतिस्थापन र लोप क्रमश : ३४.७४%, १०.१५%, ७.९०% प्रयोग भएको देखिन्छ ।

# अध्याय पाँच

# कोशीय सम्बद्धकका आधारमा 'एउटा विचारको यात्रापथ' कथाको विश्लेषण

## 'एउटा विचारको यात्रापथ' कथामा कोशीय सम्बद्धक

'एउटा विचारको यात्रापथ' कथामा कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्ति र सन्निधानको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त कोशीय सम्बद्धकको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

## कोशीय सम्बद्धक

सङ्कथनमा शाब्दिक वा कोशीय एकाइद्वारा सृजित सम्बद्धक नै कोशीय सम्बद्धक हो । वाक्यहरूभित्रको आपसी सम्बन्ध जनाउन सार्वनामिक वा अन्य युक्ति मात्र नभई कोशीय अर्थ सम्बन्धहरू पनि उपयोगी हुन्छन् । जसले गर्दा सङ्कथनमा प्रस्तुत विचार वा घट्नाको सम्प्रेषण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यसअन्तर्गत पुनरूक्ति र सन्निधान गरी दुई प्रकार पर्दछन् । 'एउटा विचारको यात्रापथ' कथामा यी दुबै सम्बद्धकको प्रयोग भएको पाइन्छ । जसको चर्चा निम्नानुसार गरिएको छ :

### (अ) पुनरूक्ति

पुनरूक्ति सङ्कथनमा प्रयुक्त कोशीय एकाइको पुनर्कथन हो । यसमा कोशीय एकाइलाई जस्ताको त्यस्तै आवृत्ति गरेर सङ्कथनलाई सम्बद्ध गर्ने कार्य गरिन्छ । यसअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी- समावेश्य र अङ्गी-अङ्ग गरेर पाँच भेद रहेका छन् । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त पुनरूक्तिको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

### पुनरावृत्ति

सङ्कथनमा प्रयुक्त कुनै कोशीय एकाइको आवृत्ति हुनुलाई पुनरावृत्ति भनिन्छ । 'एउटा विचारको यात्रापथ' कथामा कोशीय एकाइहरूको पर्याप्त आवृत्ति भएको पाइन्छ ।

वस्तुत : 'एउटा विचारको यात्रापथ' कथामा विभिन्न कोशीय एकाइहरूको एक वा अनेक पटक गरी भएको आवृत्ति सङ्ख्या १५१ रहेको छ । कथामा आवृत्त शब्दहरू

परिशिष्टमा उल्लेख गरिए बमोजिम विभिन्न अनुच्छेदहरूमा रहेका छन् । कथामा आवृत्त कोशीय शब्दहरूलाई हेर्दा सबैभन्दा बढी एक्काइसौं अनुच्छेदमा आवृत्ति सङ्ख्या (१६) रहेको पाइन्छ । सर्वाधिक आवृत्त भएको शब्दमा जीवन र फेरीवाल (१६/१६ पटक) भएको देखिन्छ, भने सबैभन्दा कम अनुच्छेद १७ मा एउटा शब्द मात्र आवृत्त भएको छ । कथामा आवृत्त कोशीय शब्दहरू बढी मात्रामा कथामा प्रयुक्त पात्र र घटना रहेका छन् । समग्रमा प्रस्तुत कथामा कोशीय सम्बद्धक सृजनामा आवृत्त शब्दहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

**पर्यायवाची**

सङ्कथनमा आई एउटै वा समान अर्थ बुझाउने फरक फरक शब्दलाई पर्यायवाची शब्द भनिन्छ । पर्यायवाची शब्दले सङ्कथनमा प्रयुक्त वाक्यको धारणालाई स्पष्ट पार्दछ । सङ्कथनमा व्यक्त धारणा, घटना वा प्रसङ्गलाई स्पष्ट पार्न पर्यायवाची शब्दको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यस्तै एउटै कोशीय एकाइको आवृत्ति हटाउन र उपयुक्त शब्दको चयन गरी अभिव्यक्ति व्यक्त गर्न यसले सघाउ पुऱ्याउँछ । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त पर्यायवाची शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- कसिदिन - बाँधीदिन (अ. १)
- छोरी - नानी (१- २२)
- जाग्छु - बिउँझीन्छु (अ. ३)
- गन्गुनाउँछ - फुक्छ (अ. ३)
- आँखा फारेर - आँखा खोलेर (अ. ६)
- छाँगो - टिलिक (अ. ७)
- खसेर - देखापरेर (अ. ७)
- उफ्रेका - देखापरेका (अ. ७)
- च्यातेर - खोलेर (अ. ७)
- शरण - खुट्टा (अ. १३)
- कालमा - समयमा (अ. १०)
- जोगी - फेरीवाल, माग्ने, ठगार (अ. ११-२१)

- अप्रकृति - निर्जीव (अ. १४)
- अपुग - नभएको (अ. १४)
- सङ्ख्या - जमात, फौज (अ. १८)
- घृणा - तिरस्कार (अ. १८-२२)
- बर्को - लुगा (अ. १९)
- पतन - मृत्यु (अ. २१)
- याचिता - औकात (अ. २१)
- जीवन - जीन्दगी (अ. २४) । जम्मा २० ओटा

'एउटा विचारको यात्रापथ' कथामा विभिन्न अनुच्छेदहरूमा जम्मा २० ओटा माथि उल्लेखित पर्यायवाची शब्दहरू प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त यी सबै पर्यायवाची शब्दहरूले प्रस्तुत व्यक्ति, विषय, वस्तु वा भावलाई सोही रूपमा सम्प्रेषण गरी आशयगत युक्तिको सृजना गरेकाले कथामा सम्बद्धक निर्माणमा प्रयुक्त पर्यायवाची शब्दहरूको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

**विपरीतार्थी**

कुनै शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । सङ्कथनमा कतिपय शब्दहरूको स्पष्टताका लागि विपरीतार्थी शब्दको महत्त्वपूर्ण भूमिका रहन्छ । यसले सङ्कथनमा प्रयुक्त भाषिक एकाइका बिचमा विरोध सम्बन्ध जनाउँछ । वस्तुतः सङ्कथनको पूर्व भागमा प्रयुक्त शब्दको विपरीत शब्द पश्च वाक्यमा प्रयोग हुँदा विपरीतार्थी सम्बद्धकको सृजना हुन्छ । । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त विपरीतार्थी शब्दहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- दिन - रात (अ. १-३)
- ठूलो - सानो (अ. ३-४)
- साँझ - बिहान (अ. ३-४)
- सेतो - कालो (अ. ३-६)
- भुइँ - आकाश (अ. ३-७)

- बाहिर - भित्र (अ. ३-७)
- बाबु - आमा (अ. ४-५)
- पछि - अघि (अ. १२-२०)
- अन्धकार - उज्यालो (अ. १३-१७)
- आज - हिजो (अ. २१-२२)
- धेरै - थोरै (अ. २४)। जम्मा ११ ओटा

प्रस्तुत कथामा कुल ११ ओटा शब्दका विपरीतार्थी शब्दहरूको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त विपरीतार्थी शब्दहरूले पूर्ववर्ती विचार वा आशयलाई पश्चवर्ती विचार वा भावसँग संयोजन गर्ने कार्य सम्पादन गरेको देखिन्छ । जसबाट कथामा सम्बद्धक निर्माण भएको देखिन्छ ।

**समावेशी-समावेश्य**

दुई वा दुईभन्दा बढी शब्दको अर्थ एउटै शब्दले समेट्न सक्ने शब्दलाई समावेशी शब्द भनिन्छ भने, जुन शब्दको अर्थ अर्को शब्दको अर्थमा समाहित हुन जान्छ त्यसलाई समावेशित शब्द भनिन्छ । सङ्कथनमा विचार वा विषय प्रस्तुतिका क्रममा समावेशी समावेश्य शब्दहरूको प्रयोग गरिन्छ । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त समावेशी शब्द र तिनअन्तर्गत समावेशित शब्दहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- प्राणी - हाती, बाघ, भालु, स्याल, सर्प
- दिशा - पूर्व, पश्चिम, उत्तर, दक्षिण
- नानी - छोरा छोरी
- दाना - इस्कुसको दाना, आँप, स्याउ, सुन्तलाको दाना
- कीरा - कमिलो, पुतली, फट्याङ्ग्रा, गड्यौला
- रात - मध्यरात, कालो रात, हिजो रात
- दिन - एक दिन, धुस्सिएको दिन, त्यस दिन
- साल - यो साल, अर्को साल, पोहोर साल

- लुगा - सेतो, कालो, मैलो लुगा
- फेरीवाल - जोगी, माग्ने, ठगार
- मान्छे - फेरीवाल, बाबु, छोराछोरी, श्रीमती, आमा
- बिहान - आज बिहान, भोलि बिहान, एक बिहान
- कोठा - अँध्यारो, उज्यालो, गन्ध कोठा, धुँवाले रङमडिएको कोठा
- कोट - पुरानो कोट, नयाँ कोट, कालो कोट
- बजार - सीमाना बजार, सुके बजार । जम्मा १५ ओटा

यस अनुसार 'एउटा विचारको यात्रापथ' कथामा १५ ओटा समावेशी शब्दहरूको प्रयोग गरिएको पाइन्छ, जसले आफू मातहत विभिन्न शब्दहरूलाई समावेशित गरेका छन् । यसबाट कथामा प्रस्तुत व्यक्ति, विषय, प्राणी, वस्तु वा भावका बिच सम्बद्धक संयोजन कायम भएको देखिन्छ । जसले गर्दा प्रस्तुत कथा थप सम्बद्धकका दृष्टिले उपयुक्त बन्न पुगेको देखिन्छ ।

**अङ्गी-अङ्ग**

सङ्कथनमा प्रयुक्त पूर्णवाची र अंशवाची शब्दका बिचको सम्बन्धलाई अङ्गी-अङ्ग भनिन्छ । यसमा मूल वर्ग र तीनका भागका बिचको सम्बन्ध कायम हुन्छ । सन्दर्भअनुसार सङ्कथनमा अङ्गी-अङ्ग सम्बन्ध कायम भएको हुन्छ । 'एउटा विचारको यात्रापथ' कथामा अङ्गी-अङ्ग शब्दहरू निम्नानुसार प्रयोग गरिएको छ :

- स्कुल - कापी, किताब, कलम, मसी
- जामा - पेटी
- दिन - बिहान, साँझ, रात
- मेरो - खुट्टा (म पात्रको)
- म पात्र - हात, खुट्टा, मुख, आँखा, मन
- फेरीवाल - हात, खुट्टा, मुख, नाक, आँखा, फेरी ।

जम्मा ७ ओटा

यसअनुसार 'एउटा विचारको यात्रापथ' कथामा स्कुल, जामा, दिन, मेरो, म पात्र, फेरीवाल र आमा गरी जम्मा ७ ओटा अङ्गी शब्दको प्रयोग गरिएको पाइन्छ, भने त्यसका विभिन्न माथि उल्लेखित अङ्ग शब्दहरूको प्रयोग गरिएको देखिन्छ । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त अङ्गी-अङ्ग शब्दहरूले प्रस्तुत व्यक्ति, वस्तु, प्राणी वा विषयकाबिच सन्दर्भ र प्रसङ्ग अनुसारको सम्बन्ध कायम गरेका छन् । जसबाट प्रस्तुत विषय वस्तुकाबिच सम्बद्धक निर्माण भई कथा थप सम्बद्धकयुक्त बनेको छ ।

समग्रत : 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त पुनरूक्ति सम्बद्धकको स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ६

*'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त पुनरूक्ति सम्बद्धकको समग्र स्थिति*

| पुनरूक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुनरावृत्ति | १५१ | ७४.०२% |
| पर्यायवाची | २० | ९.९% |
| विपरीतार्थी | ११ | ५.३९% |
| समावेशी - समावेश्य | १५ | ७.३५% |
| अङ्गी - अङ्ग | ७ | ३.४३% |
| जम्मा | २०४ | १००% |

यसअनुसार 'एउटा विचारको यात्रापथ' कथामा पुरावृत्ति कोशीय सम्बद्धकको प्रयोग अन्यका तुलनामा अत्यधिक अर्थात् ७४.०२% रहेको पाइन्छ भने पर्यायवाची, समावेशी - समावेश्य, विपरीतार्थी, अङ्गी - अङ्गको प्रयोग क्रमश : ९.९%, ७.३५%, ५.३९%, ३.४३% रहेको देखिन्छ ।

### (आ) **सन्निधान**

कुनै एउटा शब्दको कुनै अर्को शब्दसँग रहने सान्निध्य सम्बन्धलाई सन्निधान भनिन्छ। सङ्कथनमा खास शब्दहरूले एकथरी शब्दसँग सान्निध्यताको सम्बन्ध राख्दछ, भने अर्को शब्दसँग राख्दैन । सन्निधान सम्बद्धकलाई सहप्रयोग, सहन्वय, सहविन्यास वा सहचार्य सम्बन्ध पनि भनिन्छ । सन्निधानले दुई शब्दहरू निकट रहने स्थितिलाई बुझाउँछ ।

कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउने तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त सन्निधान शब्द र तिनसँग सम्बन्धित शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- राति - अन्धकार (अ. ६)
- आँखा - देख्नसक्ने (अ. ६)
- आकाश - सेतो जून (अ. ७)
- झ्याल - पर्दा (अ. ७)
- कुकुर - भुक्यो (अ. ८)
- ओधान - आगो (अ. १९)
- आगो - धूँवा (अ.१९) । जम्मा ७ ओटा

यसप्रकार 'एउटा विचारको यात्रापथ' कथामा जम्मा ७ ओटा शब्दको निकटस्थ शब्दसँग सान्निध्य सम्बन्ध कायम भएको देखिन्छ । सन्निधानात्मक रूपमा रहेका उल्लेखित शब्दहरू एउटै विषय, वस्तु वा क्षेत्र सम्बद्ध भई प्रयोग भएको देखिन्छन् । प्रस्तुत कथामा प्रयुक्त सन्निकट सम्बन्धयुक्त शब्दहरूबाट कथागत विषय प्रसङ्गकाबिच परस्परमा सान्निध्यता कायम भई कथालाई थप सम्बद्ध तुल्याउन सहयोग पुगेको देखिन्छ ।

समग्रतः 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त कोशीय सम्बद्धकको स्थितिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका ७

*'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त कोशीय सम्बद्धकको समग्र स्थिति*

| कोशीय सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरूक्ति | २०४ | ९६.६८% |
| सन्निधान | ७ | ३.३१% |
| जम्मा | २११ | १००% |

यसप्रकार ‘एउटा विचारको यात्रापथ’ कथामा पुनरूक्ति सम्बद्धकको प्रयोग अत्यधिक अर्थात् ९६.६८% रहेको देखिन्छ, भने सन्निधानको प्रयोग ३.३१% रहेको देखिन्छ ।

तालिका ८

*‘एउटा विचारको यात्रापथ’ कथामा प्रयुक्त सम्बद्धकको समग्र स्थिति*

| सम्बद्धक प्रारूप | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्याकरणिक सम्बद्धक | १९० | ४७.३९% |
| कोशीय सम्बद्धक | २११ | ५२.६२% |
| जम्मा | ४०१ | १००% |

समग्रमा ‘एउटा विचारको यात्रापथ’ कथामा कोशीय सम्बद्धकको प्रयोग व्याकरणिक सम्बद्धकको तुलनामा बढी अर्थात् ५२.६२% रहेको देखिन्छ भने व्याकरणिक सम्बद्धकको प्रयोग ४७.३९% रहेको देखिन्छ ।

# अध्याय छ

## 'एउटा विचारको यात्रापथ' कथामा सम्बद्धकको भूमिका

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको एक नवीनतम शाखा हो । सङ्कथनमा भाषा प्रयोगको सम्प्रेषणात्मक क्षमताको विश्लेषणलाई सङ्कथन विश्लेषण भनिन्छ । सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धनलाई प्रमुख युक्तिका रूपमा लिने गरिन्छ । सम्बद्धकले भाषिक पक्ष शब्द, रूप, पदावली, उपवाक्य तथा वाक्यको जोर्नीको रूपमा कार्य गर्दछ । यो भाषाको वाह्य पक्षसँग सम्बन्धित हुन्छ भने भाषिक एकाइहरू बिचको आन्तरिक र आर्थी सम्बन्धलाई सम्बद्धन भनिन्छ ।

प्रस्तुत अध्ययन सङ्कथन विश्लेषणका उपर्युक्त दुई युक्तिमध्ये सम्बद्धकका आधारमा 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषणमा केन्द्रित भएकाले यहाँ उक्त कथा निर्माणमा सम्बद्धकको भूमिका बारेमा व्याख्या विश्लेषण गरिएको छ । सम्बद्धकले सङ्कथनमा प्रयुक्त वाक्यलाई संरचनात्मक रूपमा जोड्ने जोर्नी, सिक्री, गम वा सङ्गालोको कार्य गर्दछ । सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय सम्बद्धकको अध्ययन गर्ने गरिन्छ । यिनको उपयुक्त प्रयोग नभएमा समग्र पाठ वा सङ्कथन नै बोधगम्य र सम्प्रेषणीय हुन सक्दैन । प्रस्तुत कथा निर्माणमा व्याकरणिक र कोशीय सम्बद्धकको भूमिका निम्नानुसार रहेको छ :

### 'एउटा विचारको यात्रापथ' कथा निर्माणमा व्याकरणिक सम्बद्धकको भूमिका

प्रस्तुत 'एउटा विचारको यात्रापथ' कथामा व्याकरणिक सम्बद्धकअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजनको अध्ययन गरिएको छ । जसमा सन्दर्भनअन्तर्गत पुरूषवाचक, दर्शकवाचक र तुलनात्मक सन्दर्भनको प्रयोग कथामा भएको छ । प्रतिस्थापनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन भएको छ । लोपअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक लोप भएको छ । संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक संयोजनको प्रयोग कथामा भएको देखिन्छ । त्यस्तै कोशीय सम्बद्धकमा पुनरूक्ति (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी - समावेश्य, अङ्गी - अङ्ग) र सन्निधानको प्रयोग गरिएको देखिन्छ ।

'एउटा विचारको यात्रापथ' कथामा व्याकरणिक सम्बद्धकले प्रयुक्त वाक्यलाई संयोजन वा जोड्ने कार्य गरेको छ । सन्दर्भनले पाठमा प्रयुक्त पद, पदावली, उपवाक्य वा वाक्यको पुनरावृत्तिलाई कम गरी साङ्कथानिक सन्दर्भन जनाएको छ । सन्दर्भनअन्तर्गत पुरूषवाचक, दर्शकवाचक र तुलनात्मक सन्दर्भनले पाठमा प्रयुक्त पूर्ववर्ती विषय सन्दर्भलाई पश्चवर्ती विषय सन्दर्भसँग जोड्ने कार्य गरेको छ । प्रतिस्थापनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन भई कथालाई थप व्याकरणिक दृष्टिले सम्बद्ध बनाएको छ । लोपअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक लोप भई कथामा अनाश्यक पुनरावृत्तिलाई रोकी कथालाई थप सुसंगठित बनाउने कार्य गरेको छ । त्यस्तै संयोजनले प्रस्तुत कथालाई योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक रूपमा संयोजन गरी पूर्व प्रसङ्गलाई पश्च प्रसङ्गसँग जोडि कथालाई बोधगम्य र सम्प्रेषणीय बनाएको छ ।

**'एउटा विचारको यात्रापथ' कथा निर्माणमा कोशीय सम्बद्धकको भूमिका**

कोशीय सम्बद्धकअन्तर्गत पुनरूक्ति र सन्निधानको अध्ययन प्रस्तुत कथामा गरिएको छ । पुनरूक्तिअन्तर्गत पुनरावृत्तिले समान कोशीय एकाइको आवृत्तिलाई सङ्केत गर्दछ । प्रस्तुत कथामा पुनरावृत्तिको सङ्ख्या बढी रहेको छ । कथामा प्रयुक्त कोशीय एकाइबीचको समानार्थी सम्बन्ध पर्यायवाची हो । यसले कथामा एउटै कोशीय एकाइको आवृत्तिलाई हटाई विशाल शब्दभण्डारबाट उपयुक्त शब्द चयनमा सघाउ गर्दछ । प्रस्तुत कथामा प्रयुक्त पर्यायवाची शब्दहरूले व्यक्ति, विषय, वस्तु वा भावलाई सोहि रूपमै द्योतन गरी आशयगत सम्प्रेषणमा सहजता प्रदान गरेको छ । कथामा प्रयुक्त विपरीतार्थी शब्दहरूले पूर्ववर्ती विचार वा भावलाई पश्चवर्ती विचार वा भावसँग संयोजन गर्ने कार्य गरेको देखिन्छ । समावेशी - समावेश्य शब्दहरूले आफू मातहत विभिन्न शब्दहरूलाई समावेशित गरेका छन् । यसबाट कथामा प्रस्तुत व्यक्ति, विषय, प्राणी, वस्तु वा भावकाबिच सम्बद्धता कायम भएको देखिन्छ । त्यस्तै प्रस्तुत कथामा अङ्गी - अङ्ग शब्दहरूले प्रस्तुत व्यक्ति, वस्तु र प्राणीका बिचमा पूर्ण - अंश सम्बन्ध कायम गर्ने कार्य गरेका छन् । सन्निधान शब्दहरूको प्रयोगले कथामा शब्दहरू र प्रसङ्गकाबिच परस्परमा सान्निध्यता कायम भई कथा कोशीय सम्बद्धकका दृष्टिले थप उपयुक्त देखिन्छ ।

**निष्कर्ष**

माथिका व्याकरणिक र कोशीय सम्बद्धकको प्रयोगको अवस्थालाई हेर्दा कोशीय सम्बद्धकलाई कथाकारले बढी प्रयोग गरेको देखिन्छ । कोशीय सम्बद्धकलाई मात्र हेर्दा पुनरावृत्तिको प्रयोग बढी रहेको छ, भने व्याकरणिक सम्बद्धकलाई हेर्दा पुरूषवाचक सन्दर्भनको प्रयोग बढी भएको देखिन्छ । समग्रमा व्याकरणिक र कोशीय सम्बद्धकले प्रस्तुत कथामा भाषिक एकाइकाबिच जोर्नी, गम वा सङ्गालोको कार्य गरी कथालाई थप बोधगम्य र सम्प्रेषणीय बनाई कथालाई सम्बद्धकका दृष्टिले उपयुक्त बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष र उपादेयता

## निष्कर्ष

प्रस्तुत अनुसन्धान 'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषण शीर्षकमा केन्द्रित रहेको छ । यस अध्ययनमा 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त व्याकरणिक र कोशीय सम्बद्धकको विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

- 'एउटा विचारको यात्रापथ' कथामा व्याकरणिक र कोशीय दुबै सम्बद्धकको प्रयोग गरिएको छ । जसमध्ये व्याकरणिक सम्बद्धकअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन तथा कोशीय सम्बद्धकअन्तर्गत पुनरूक्ति र सन्निधानको प्रयोग गरिएको छ ।
- प्रस्तुत कथामा सन्दर्भनका रूपमा प्रथम, द्वितीय र तृतीय पुरूष सर्वनामको प्रयोग गरिनुका साथै भेदक विशेषण (मेरो, उसको, तिनीहरूको) को समेत प्रयोग गरिएको देखिन्छ । सबैभन्दा बढी पुरूषवाचक सन्दर्भनको प्रयोग व्यवहार गरिएको छ ।
- कथामा दर्शकवाचक सन्दर्भन पुरूषवाचक सन्दर्भनको तुलनामा कम प्रयोग भएको देखिन्छ । भने तुलनात्मक सन्दर्भन सबैभन्दा कम प्रयोग गरिएको छ । अतः पुरूषवाचक सन्दर्भन ८१.११%, दर्शकवाचक सन्दर्भन १४.४४% र तुलनात्मक सन्दर्भन ४.४४% प्रयोग भएको छ ।
- कथामा नामिक प्रतिस्थापन ५३.३४%, उपवाक्यात्मक प्रतिस्थापन २६.६७% र क्रियात्मक प्रतिस्थापन २०.१% रहेको छ । जसमा सबैभन्दा बढी नामिक प्रतिस्थापन भएको छ भने क्रियात्मक प्रतिस्थापन कम भएको देखिन्छ ।
- कथामा लोपको अवस्था हेर्दा नामिक लोप बढी ६३.१६%, उपवाक्यात्मक लोप २१.१% र क्रियात्मक लोप १५.७९% भएको देखिन्छ ।
- कथामा संयोजनको अवस्थालाई हेर्दा क्रमश : योगात्मक, कालिक, विपरीतार्थी र कारणात्मक संयोजन ४८.४८%, ३६.३६%, ९.९% र ६.६% प्रयोग गरिएको देखिन्छ ।

- कोशीय सम्बद्धकअन्तर्गत पुनरूक्ति र सन्निधान प्रयोग गरिएको छ । सन्निधानको तुलनामा पुनरूक्ति बढी प्रयोग गरिएको देखिन्छ । पुनरूक्ति ९६.६८% र सन्निधान ३.३१% प्रयोग गरिएको छ । पुनरूक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी - समावेश्य र अङ्गी -अङ्ग सबै प्रारूपको प्रयोग गरिएको देखिन्छ ।

- व्याकरणिक र कोशीय सम्बद्धकलाई हेर्दा व्याकरणिक सम्बद्धकको तुलनामा कोशीय सम्बद्धक बढी प्रयोग गरिएको छ । जसमा कोशीय सम्बद्धक समग्रमा ५२.६२% र व्याकरणिक सम्बद्धक ४७.३९% प्रयोग गरिएको देखिन्छ ।

- कथामा व्याकरणिक सम्बद्धकको अवस्थालाई मात्र हेर्दा सबैभन्दा बढी सन्दर्भन ४७.३७%, संयोजन ३४.७४%, लोप १०.१% र प्रतिस्थापन ७.९०% प्रयोग गरिएको देखिन्छ ।

- कथामा कोशीय सम्बद्धकलाई मात्र हेर्दा पुनरूक्ति धेरै बढी अर्थात् ९६.६८% प्रयोग भएको छ भने सन्निधान निकै कम ३.३१% प्रयोग भएको देखिन्छ ।

- समग्रमा कथामा प्रयोग गरिएका व्याकरणिक र कोशीय सम्बद्धकले पाठमा प्रयुक्त भाषिक एकाइहरूकाबिच जोर्नी, गम वा जोडकको काम गरेकाले सम्बद्धकका दृष्टिले कथा उपयुक्त रहेको देखिन्छ ।

**उपादेयता**

प्रस्तुत अध्ययनबाट कुन कुन व्यक्ति वा समूह लाभान्वित हुन्छन्, भन्ने कुरा उपादेयतामा आउने गर्छ । प्रस्तुत अध्ययनले सङ्कथन विश्लेषणको क्षेत्रमा अनुसन्धान गर्न चाहने विद्यार्थी तथा जो कोही व्यक्तिलाई सहायता मिल्ने देखिन्छ । यस अध्ययनबाट पाठ्यक्रम निर्मातालाई उपयुक्त कथा छनोट गर्न, स्रष्टा, रचनाकार, वा साहित्य प्रेमीलाई कुनै पनि कथा वा साहित्यिक कृतिको सङ्कथनको अध्ययन गरी आफ्नो रचनालाई उत्कृष्ट बनाउन सहयोग पुऱ्याउने देखिन्छ । त्यस्तै सङ्कथन विश्लेषणको सैद्धान्तिक पक्षलाई आधार बनाएर कुनै पनि पाठ वा सङ्कथनको अध्ययन विश्लेषण गर्न प्रस्तुत अध्ययन उपयोगी रहेको छ । समग्रमा प्रस्तुत शोधका उपादेयता निम्नानुसार रहेका छन् :

- 'कथास्था' कथा सङ्ग्रहका लेखकका लागि आफ्नो कथामा सङ्कथनको अवस्थाको जानकारी प्राप्त गर्न,
- सङ्कथनको क्षेत्रमा जोकोहि अध्येतालाई थप अध्ययन गर्न,
- पाठ्यक्रम निर्मातालाई उपयुक्त स्तर र तह सुहाउदो कथा छनोट गर्न,
- सङ्कथन विश्लेषणको क्षेत्रमा थप अध्ययन, अनुसन्धान गर्न,
- सङ्कथन अर्थपूर्ण, एकीकृत, सम्प्रेषणात्मक र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन,
- सङ्कथन विश्लेषणमा वाक्यभन्दा माथिल्ला घटकहरूको संरचना पक्षको अध्ययन गरिने भएकाले उपयुक्त र सान्दर्भिक वाक्यहरू निर्माण गर्न,
- कुनै कृतिको समालोचना गर्न चाहने समालोचकलाई पाठ वा कृतिमा प्रयुक्त सङ्कथनात्मक युक्ति पहिचान गरी समालोचना गर्न आदि ।

**भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू**

'एउटा विचारको यात्रापथ' कथाको सङ्कथन विश्लेषण सम्बद्ध यस अनुसन्धानका आधारमा सङ्कथन विश्लेषणका क्षेत्रमा थप अध्ययन-अनुसन्धान गर्न चाहने अनुसन्धानताका लागि निम्न शीर्षकहरू अध्ययनीय शीर्षकका रूपमा प्रस्तावित गरिएका छन्:

- 'एउटा विचारको यात्रापथ' कथाको सम्बद्धन विश्लेषण
- 'कथास्था' कथा सङ्ग्रहको सङ्कथन विश्लेषण
- 'एउटा विचारको यात्रापथ' कथाको शैलीवैज्ञानिक अध्ययन
- 'एउटा विचारको यात्रापथ' कथाको आयामेली लेखन शैलीको विश्लेषण

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (छैटौँ सस्करण), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, मनोज (२०७३), *पूर्वतिर उपन्यासको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ओझा, गायत्री कुमारी (२०७४), *बहुला काजीको सपना नाटकको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

के.सी., मनिषा (२०७२), *दोषी चस्मा कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, गायत्रीप्रसाद (२०७४), *भाँडो कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, दिनेश र निउरे, ध्रुवप्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनसाईन पब्लिकेसन ।

चन्द, टेकबहादुर (२०७३), *भ्रमर उपन्यासको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र अन्य (२०६२), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डस्ट्रिब्युटर्स ।

तिवारी, सीता (२०७४), *राष्ट्रियताको ज्योति हुलाक घर निबन्धको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, गोकुल (२०६८), *एकान्त कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद र पोखरेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, दिपेन्द्र (२०७१), *एकरात कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

बराल, कमला (२०७१), *लाहुरी भैँसी कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चुडामणि (२०७३), *भाषाविज्ञान* (नवौँ संस्करण), ललितपुर, साझा प्रकाशन ।

भट्ट, दिपेशप्रसाद (२०७१),*भलादमी निबन्धको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६८), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०६९), सङ्कथन विश्लेषण : *सम्बद्धक र सम्बद्धन, सम्प्रेषण,* २०६९ अङ्क सात पृष्ठ (१६४-१७४) ।

भुसाल, केशव (२०७५), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन विश्लेषण,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), शिक्षाशास्त्र संकाय, डीनको कार्यालय, त्रि.वि., कीर्तिपुर ।

रावल, सुवास (२०७२), *साल्गीको बलात्कृत आँसु कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रेग्मी, ध्रुव (२०७१), *त्यसरी नै कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, सिद्धराज (२०७५), *तस्वीर कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट (क)

## 'एउटा विचारको यात्रापथ' कथा

दिनैपिच्छे छोरीलाई स्कुल पठाउनु, त्यसले मलाई आफ्नो पेटी बाँधि माग्छ, त्यो स्कुल जान्छ, यै जीवन हो र यति मात्र जीवन हो । महान् काम गर्न सक्दै नसकुँला मैले, तर छोरीको जामाको पेटी म कसिदिन सक्छु, जति सक्छु, त्यै जीवन हो । आज आजै सकिने कुरा (भविष्यत् हेरिरहनुपर्दैन), अर्को साल फेरि रोप्नुपर्ने मकै र आलुका बीउहरू, यी मात्रै जीवन र जीवनका सामग्री । अनेक थोक मिसाएर मानिसले जीवनलाई बिख बनाइसकेको छ ।

यो निराश कुण्ठिएको विचार टुकुल-टुकुल दर्गुदै मेरो मनमा कहाँदेखि आज आएको छ, म यसलाई पैल्याउँछु ।

रहस्यहरूले खसेर जीवनलाई दुख्दो मीठो पारेको रहेछ, यी रहस्यहरू जुन एक्कासि साँझको पहेलो क्षणमा, मध्यरात बितिसकेको एक्लोको जगाइमा वृष्टिप्रहरमा बाहिर वर्षा खस्न थालेपछि हाम्रा अस्तित्त्वमाथि आइलाग्छन् यी नभए जीवन सेतो उज्यालो मात्र हुने थियो । रहस्यहरू मैले पनि किनिराखेको छु, । छानामा एकोहोरो वृष्टि पिटिएको, बलेँसीमा झुसिएको पानी तल भुइँमा रातभरि झरेको मलाई प्रिय छ । कसरी हो, फेरीवालाले फेरी लाउँदा पनि म जाग्छु, सजिलो फेरीवालाले फेरी फुक्छ, घर वरिपरि घुम्दै गहिरो गुन्गुनाउँछ, म बुझ्दिनँ । घरको कुकुर पनि चुप्प लागेको हुन्छ, मेरो सुनाइभित्र ठूलो आहटले हिँड्दै ऊ टाढो गइसकेको बुझिन्छ । म अझै सुन्ने बल गरिरहेको हुन्छु ।

सानोमा पहिलो राति फेरीवाललाई सुन्दा म डराएको थिएँ, र बाबुको छेउमा पुगेको थिएँ जस्तो लाग्छ । बाबु ब्युँझिनु भएको रहेछ । मैले केके सोधे हुँला, बाबुले भन्नुभयो- "भोलि बिहान हेर्नू ।

फेरीललाई हेर्दा देखिन्छ पनि मलाई यो पच्न निकै अन्धकार लाग्यो ।

बिहान दैलोमा फेरीवाल आएर उभेछ । आमाले नाङ्लो लानुभयो । मैले भित्रै भित्ताको दुलोदेखि हेरेँ । आमाको साल हो कि फेरीवालको लुगा देखेँ सेतो-सेतो के देखेँ ।

"फेरीवाललाई किन त्यत्रो थोक दिएको ? हर्दी, नुन, चामल, काँटीर मैले सोधेँ ।

“फेरीवालले लडाइँ  गरी भूत धपाइदिन्छ ।” आमाले भन्नुभयो ।

राति अन्धकारका प्राणीहरू रम्रम्ती डुल्दा रहेछन्, सुतेका हामीहरूलाई हेरेर जान्छन् होला, कालो रातमा झन् कालो तिनीहरूको आकार उभिएको र आइरहेको म आँखा फारेर देख्नसक्थें ।

“फेरीवाल एक्लै त्यति बेला निस्किन्छ ।”

(“तपाइँको मनमा अँध्यारो रहस्यहरू जम्मा हुन थालेछ ।”)

पछि पनि एक रात फेरीवाल आयो । आकाशबाट एक छाँगो सेतो जून खसेर घरभित्र समेत छिटा उफ्रेका थिए । मैले उठेर आवाज नपारी झ्यालको पर्दा च्यातेर चियाएँ ।

घुम्लुङ्ग सेतो बर्को ओढेको मान्छे रहेछ । घरदेखि ओह्रालो गयो । गइसकेपछि कुकुरले ङुरङुर गऱ्यो, एकपल्ट जस्तो भुक्यो ।

ठूलो भइसकेपछि म आफ्नो आदर्शलाई सोझो आँखामा हेर्न सक्थें र एक बिहान थुप्रै थोक दिएर सोधें- “तपाइँहरूले उच्चारेको एक लवज बुझ्दिनँ म, के भन्नुहुन्छ दाइ, तपाइँहरूले ?”

उसले बतायो, उनीहरू शिवका अनुचर छन् । उसले एक पङ्क्ति लेखाइदियो- जहाँतक जोगी फेरी बजायै उहाँतककी रच्छे ।

शिवको (बेलाको) कल्पना आयो मलाई । शिव कुनै व्यक्ति नै थियो । हिमालयका पहाड हुँदो कुनै ठाउँ कुनै कालमा । तिनको शरण सुरक्षा थियो पीडितहरूलाई । वीरत्वको युग थियो ।  ऊ चार दिशा फेरी फुक्थ्यो, फेरीको आवाज जहाँतक पुग्थ्यो त्यहाँतक उसको अधिकार, उसको शान्ति, प्रतिद्वन्दी आवाज सुनेर चुप रहे हार्दथ्यो ।

“आज पनि मेरो जोगी फेरी बजाएर रातमा समग्र द्वन्द्वी शक्तिहरूलाई आह्वान गरेर हिँड्छ ।”

एक दिन म सीमाना बजार पुगेको थिएँ । धुस्सिएको दिन थियो, दाउरा ट्रकमा चढाएर पठाएपछि हामी ठेकेदारसँगै उसको बासमा गयौं, चियादोकान पनि रहेछ उसको घर ।

दोकान कोठादेखि छिरेर हामी भित्र पस्यौं, धुवाँले रङमडिएको अन्धकार कोठा थियो, मेरो खुट्टाले मान्छे कुल्च्यो ।

मान्छे कुल्चेको जुत्तामा पनि थाहा पाउँछौं । म उभिएँ रोकिएर । मान्छे कराएन पनि यसो चलेन पनि । अप्रकृति र एउटा अपुग लाग्यो । "के छ यहाँ ?" मैले सोधेँ ।

निकै अघि निस्किएको घरमालिकले भन्यो- । "जोगी सुतेको छ, फेरीवाल ।" "के ?" कराएछु मैले ।

जोगिएर अब पाइला सारेँ । खुट्टा नै खसेको झैँ लाग्दै थियो । फेरी अर्को मान्छे कुल्चेँ ।

"कति जना छ ?" कराएँ रिसले ।

उता उज्यालोमा पुगिसकेको उसले दिक्क मानेर भन्यो- "पच्चीस तीस जना होला ।"

"पच्चीस ? तीस ?" मैले सोधेछु, कालो कोठामा अँध्यारेभित्र हेरेर भनेछु - "तीस जना फेरीवाल !"

तीस जना फेरीवाल एक ठाउँमा, मलाई त्यो सङ्ख्या र जमात नै घिनलाग्दो लाग्यो । फेरीवालको पनि जमात हुन सक्छ, थुप्रै र हरू हुनसक्छ, एक र अर्को एकै हुन सक्छ, यो मैले सोच्नख सकेको थिइनँ । मेरो फेरीवाल एउटा हुन्थ्यो , एक्लै हिँड्थ्यो, अर्को फेरीवाल उसले थाहा पाएको हुँदैनथ्यो । नेपाली बाघको भयावह मूर्ति एक्ला - एक्लै गरी हेरेको छु, बाघ त्यसै बलियो हुन्छ, उसलाई पखेटा लाइदिएकोले त्यसले समुद्र नाघेर आउन सक्छ, तर त्यो बाघको फौजको कल्पनासँग मलाई घृणा लाग्छ । त्यो बाघ भए पृथ्वीमा एउटै हुनुपर्छ ।

म तिनीहरूको कोठामा आएँ । मास्तिरको एउटा खापा खोलेको देखेँ र ऐले उज्यालो पसेको थियो कोठामा । दुई जनाले ब्युँझिएर ओधानमा आगो निकालेको रहेछ, जलेको आगोको धूँवा थिएन अब । माटोको भूइँ ढाकेर मैलो बर्को एक एक ओटा तानेर मुख छोपेका धेरे शरीरहरू कुप्रेका र तन्केका थिए । सानो सानो मान्छेहरू मैलो लुगाको फुस्रोहरू, मिसिएको ह्वास्स गन्ध । कोठामा एउटा बलजफ्ती थियो ।

सुके बजारमा आइपुगेर मैले एउटा दाज्यूलाई सबै चोट सुनाएँ । उसले भन्यो - “आदर्शहरू त्यसरी एक एक गर्दै सबै ढल्दै जान्छ । सदा रहने आदर्श एउटै छ ईश्वर । ”

ईश्वरको आदर्श झन् मेरो अघि नै ढलिसकेको थियो ।

एउटा आदर्श, मेरो एउटा रहस्यको, आज पतन भयो, भोलि अर्को एउटाको हुन्छ ( राष्ट्रियता, सद्चरित्रता, साहित्यिकताको), पछिपछि सबै मेरा आदर्शहरू सिद्धिन्छन्, अनि के मैले यो जीवनलाई फाटेको टालो बनाएर ओडिराख्नु ?

घरको दैलोमा दस रकमका माग्ने र ठग्नेहरू आएर उभिरहन्छन् । त्यसैले मेरो घरमा एउटा नियम छ । असहाय र अपाङ्गहरूलाई भए पैसा, मुट्ठीदान, चिया, पुरानो कोट दिइहाल्छौँ । ठगार आएर उभिए, घरको नियम छ, एक दाना इस्कुस दिन्छौँ । बारीमा खोल्साभरि इस्कुस झरिबसेको हुन्छ, त्यै दिइहाल्छौँ एक दाना, त्यो पनि थापेर आफ्नो याचिता र विनयिता देखाएर जान्छन् ठगारहरू ।

हिजो राति फेरी लाग्यो भन्छ, बिहान दैलोमा टाटेपाटे झोला खोलेर फेरीवाल उभिबसेको रहेछ । नानीहरूकी आमाले ठूलो थालमा अनेक थोक भाग लाएकी रहिछन् मैले रोकेँ, अनि एक दाना इस्कुस टिपेर गएँ, त्यै दिएँ । फेरीवालले हेऱ्यो, तिरस्कारसँग हेरेर नथापी त्यो गयो ।

मेरो एउटा आदर्श चकनाचुर भएको थियो अवश्यै, तर म जुन मानिस हुँ (र मानसिकता) अलिकति पनि चोइटिएको छैन रहेछ, (म बाँचेको छु, चोइटिए पनि पुरै छु), दैलोमा मैले हर्ष बल पाएँ, एउटा के, साराका सारा आदर्शहरू नष्ट भएपछि पनि मानिसको मानसिकता सिङ्गो नै रहने रहेछ ।

यो धक्का सहेर म धेरै बलियो भएको छु र आज झन् भन्छु- मान्छेसँग पहिले आदर्श थिएन । तर “जीवन” साँचो र पूर्ण थियो उसको । थिएन भन्नु जीवनप्रति ब्लासफेमी हो । आदर्शहरू बटुल्ने काम पछि हुँदै आएछ र थपिदै आयो । जीवन तर त्यसै बाँचिन्छ, यसमा आदर्श र सिद्वान्तहरूले अर्थ हाल्नुपर्दैन । एउटा नाउँ नजानिएको कीराले, एउटा दिनले जसरी जीवन बिताउँछ, बित्नै चाहिँ जीवन त्यसरी बित्नुपर्छ, आदर्शहरूको आहारा र लुछाचोक्टी नबनी । थोरै ती महान्हरूलाई होइन, (महान् काम गर्दै नगरूँला मैले) साधारण सहस्रहरूलाई देखेर सिकिन्छ जीवन : काम सबै कामै मात्र हो । निक्खर जीवन बाँच्नै दिएनन् यिनीहरूले । जिन्दगीमा हामी यहाँ जन्मेको यी आदर्शहरूको चाकरीमा लाग्न आएका होइनौँ ।

# परिशिष्ट (ख)

## 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त व्याकरणिक सम्बद्धकहरू

### 'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त पुरूषवाचक सन्दर्भनहरू

| अनुच्छेद | पुरूषवाचक सन्दर्भन | सन्दर्भित एकाइ |
|---|---|---|
| १ | त्यसले | छोरीले |
| | मलाई | म पात्रलाई |
| | आफ्नो | छोरीको |
| | त्यो | छोरी |
| | यी | मकै र आलु |
| २ | मेरो | म पात्रको |
| | म | म पात्र |
| | यसलाई | विचारलाई |
| ३ | यी | रहस्यहरू |
| | यी | अस्तित्त्व |
| | मैले | म पात्रले |
| | मलाई | म पात्रलाई |
| | म | म पात्र |
| | म | म पात्र |
| | मेरो | म पात्रको |
| | ऊ | फेरीवाल |
| | म | म पात्र |
| ४ | म | म पात्र |
| | मैले | म पात्रले |
| ५ | मलाई | म पात्रलाई |
| | मैले | म पात्रले |
| | मैले | म पात्रले |

| | | |
|---|---|---|
| ६ | हामीहरू | परिवारका सदस्य |
| | तिनीहरूको | प्राणीहरूको |
| ७ | तपाइँको | पाठकको |
| | मैले | म पात्रले |
| ९ | म | म पात्र |
| | आफ्नो | म पात्रको |
| | तपाइँहरूले | फेरीवालहरूले |
| | तपाइँहरूले | फेरीवालहरूले |
| | उसले | फेरीवालले |
| | उनीहरू | फेरीवालहरू |
| | उसले | फेरीवालले |
| १० | मलाई | म पात्रलाई |
| | ऊ | शिव |
| | उसको | शिवको |
| | उसको | शिवको |
| ११ | मेरो | म पात्रको |
| १२ | म | म पात्र |
| | हामी | म र ठेकेदार |
| | उसको | ठेकेदारको |
| १३ | हामी | म र ठेकेदार |
| | मेरो | म पात्रको |
| १४ | म | म पात्र |
| | मैले | म पात्रले |
| १५ | मैले | म पात्रले |
| १७ | उसले | ठेकेदारले |
| | मैले | म पात्रले |
| १८ | मलाई | म पात्रलाई |
| | मैले | म पात्रले |

| | | |
|---|---|---|
| | मेरो | म पात्रको |
| | उसले | म पात्रले |
| | उसलाई | बाघलाई |
| | त्यो | बाघ |
| | त्यो | बाघ |
| १९ | म | म पात्र |
| २० | मैले | म पात्रले |
| | उसले | दाज्यूले |
| २१ | मेरो | म पात्रको |
| २२ | मेरो | म पात्रको |
| २३ | मेरो | म पात्रको |
| | मैले | म पात्रले |
| २४ | यो | जीवन |
| | मेरो | म पात्रको |
| | त्यो | इस्कुस |
| | मैले | म पात्रले |
| | त्यो | फेरीवाल |
| | मेरो | म पात्रको |
| | म | म पात्र |
| | मैले | म पात्रले |
| | म | म पात्र |
| | उसको | मान्छेको |
| | यी | आदर्शहरू |
| | जम्मा | ७३ ओटा |

**'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त दर्शकवाचक सन्दर्भनहरू**

| अनुच्छेद | दर्शकवाचक सन्दर्भन | सन्दर्भित एकाइ |
|---|---|---|
| १ | त्यो (स्कुल) | छोरीको स्कुल |
| | यो (निराश) | म पात्रको कुण्ठिएको विचार |
| | यी | मकै र आलुका बिउहरू |
| ३ | यी (रहस्यहरू) | हाम्रा अस्तित्त्व जस्ता रहस्यहरू |
| | यी (नभए) | हाम्रा अस्तित्त्व नभए |
| ४ | यो | फेरीवाल |
| १८ | त्यो (सङ्ख्या) | फेरीवालको सङ्ख्या |
| | यो (सोच) | फेरीवालको पनि जमात हुन सक्छ |
| | त्यो (बाघ) | नेपाली बाघ |
| | यो (जीवन) | म पात्रको जीवन |
| २४ | यो | धक्का |
| | ती (महान्हरू) | आदर्शको प्राप्तिमा लाग्ने |
| | यिनीहरू | आदर्शवादीहरू |
| | जम्मा | १३ ओटा |

**'एउटा विचारको यात्रापथ' कथामा लोप भएका नामिक पदहरू**

अनुच्छेद

१ (छोरीले) त्यसले मलाई आफ्नो पेटी बाँधि माग्छ।

३ (फेरीवाल) घर वरिपरि घुम्दै गहिरो गुन्गुनाउँछ।

३ (मेरो) घरको कुकुर पनि चुप्प लागेको हुन्छ।

४ (म) बाबुको छेउमा पुगेको थिए जस्तो लाग्छ।

८ (ऊ) घरदेखि ओह्रालै गयो।

८ (ऊ) गइसकेपछि कुकुरले डुरडुर गर्‍यो।

१६ (मेरो) खुट्टा नै खसेको झैँ लाग्दै थियो।

१६ (मैले) फेरि अर्को मान्छे कुल्चेँ।

१८ (तिनीहरूले) मास्तिरको एउटा खापा खोलेको देखेँ।

१८ (उनीहरू) दुई जनाले ब्युँभिएर ओधानमा आगो निकालेको रहेछ ।

१८ (त्यो) कोठामा एउटा बलजफ्ती थियो ।

२४ (यो) जीवन तर त्यसै बाँचिन्छ । जम्मा १८ ओटा

**संयोजन**

**'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त योगात्मक संयोजकहरू**

- यै जीवन हो र यति मात्र जीवन हो । (अ. १)
- अर्को साल फेरि रोप्नुपर्ने मकै र आलुका बीउहरू । (अ. १)
- यी मात्रै जीवन र जीवनका सामग्री । (अ. १)
- रहस्यहरू मैले पनि किनिराखेको छु । (अ. ३)
- घरको कुकुर पनि चुप्प लागेको हुन्छ । (अ. ३)
- फेरीवाललाई हेर्दा देखिन्छ पनि मलाई यो पच्नु निकै अन्धकार लाग्यो । (अ. ५)
- कालो तिनीहरूको आकार उभिएको र आइरहेको म आँखा फारेर देख्न सक्थेँ । (अ. ६)
- पछि पनि एक रात फेरीवाल आयो । (अ. ७)
- आज पनि मेरो जोगी फेरी बजाएर रातमा समग्र द्वन्द्वी शक्तिहरूलाई आह्वान गरेर हिँड्छ । (अ. ११)
- चियादोकान पनि रहेछ उसको घर । (अ. १२)
- मान्छे कुल्चेको जुत्तामा पनि थाहा पाउँछौ । (अ. १४)
- मान्छे कराएन पनि । (अ. १४)
- यसो चलेन पनि । (अ. १४)
- अप्रकृति र एउटा अपुग लाग्यो । (अ. १४)
- मलाई त्यो सङ्ख्या र जमात नै घिनलाग्दो लाग्यो । (अ. १८)
- फेरीवालको पनि जमात हुन सक्छ । (अ. १८)
- थुप्रै र हरू हुन सक्छ । (अ. १८)

- मास्तिरको एउटा खापा खोलेको देखें र ऐले उज्यालो पसेको थियो कोठामा । (अ. १९)
- धेरै शरीरहरू कुप्रेका र तन्केका थिए । (अ. १९)
- घरको दैलोमा दस रकमका माग्ने र ठग्नेहरू आएर उभिरहन्छन् । (अ. २१)
- असहाय र अपाङ्गहरूलाई भए पैसा, मुठ्ठीदान, चिया, पुरानो कोट दिइहाल्छौ । (अ. २१)
- त्यो पनि थापेर । (अ. २१)
- आफ्नो याचिता र विनयिता देखाएर जान्छन् ठगारहरू । (अ. २१)
- म जुन मानिस हुँ अलिकति पनि चोइटिएको छैन रहेछ । (अ. २३)
- दैलोमा मैले हर्ष र बल पाएँ । (अ. २३)
- साराका सारा आदर्शहरू नष्ट भएपछि पनि मानिसको मानसिकता सिङ्गो नै रहने रहेछ । (अ. २३)
- यो धक्का सहेर म धेरै बलियो भएको छु र आज झन् भन्छु मान्छेसँग पहिले आदर्श थिएन । (अ. २४)
- तर “जीवन” साँचो र पूर्ण थियो उसको । (अ. २४)
- आदर्शहरू बटुल्ने काम पछि हुँदै आएछ र थपिदै आयो । (अ. २४)
- जीवन तर त्यसै बाँचिन्छ, यसमा आदर्श र सिद्धान्तले अर्थ हाल्नुपर्दैन । (अ. २४)
- एउटा नाउँ नजानिएको कीराले एउटा दिनले जसरी जीवन बिताउँछ, बित्नै चाहिँ जीवन त्यसरी बित्नुपर्छ, आदर्शहरूको आहारा र लुछाचोक्टी नबनी । (अ. २४)

जम्मा : ३२ ओटा

**‘एउटा विचारको यात्रापथ’ कथामा प्रयुक्त विपरीतार्थी संयोजकहरू**

- महान काम गर्न सक्दै नसकुँला मैले, तर छोरीको जामाको पेटी म कसिदिन सक्छु । (अ. १)

- नेपाली बाघको भयावह मूर्ति एक्ला एक्लै गरी हेरेको छु, बाघ त्यसै बलियो हुन्छ, उसलाई पखेटा लाइदिएकोले त्यसले समुद्र नाघेर आउन सक्छ, तर त्यो बाघको फौजको कल्पनासँग मलाई घृणा लाग्छ । (अ. १८)
- मेरो एउटा आदर्श चकनाचुर भएको थियो अवश्यै, तर म जुन मानिस हुँ अलिकति पनि चोइटिएको छैन रहेछ । (अ. २४)
- मान्छेसँग पहिले आदर्श थिएन, तर "जीवन" साँचो र पूर्ण थियो उसको । (अ. २४)
- जीवन तर त्यसै बाँचिन्छ, यसमा आदर्श र सिद्धान्तहरूले अर्थ हाल्नुपर्दैन । (अ. २४)
- एउटा नाउँ नजानिएको कीराले एउटा दिनले जसरी जीवन बिताउँछ, बित्नै चाहिँ जीवन त्यसरी बित्नुपर्छ । (अ. २४)

  जम्मा : ६ ओटा

**'एउटा विचारको यात्रापथ' कथामा प्रयुक्त कालिक संयोजकहरू**

- आज आजै सकिने कुरा । (अ. १)
- अर्को साल फेरि रोप्नुपर्ने मकै र आलुका बीउहरू । (अ. १)
- यो निराश कुण्ठिएको विचार टुकुल टुकुल दगुर्दै मेरो मनमा कहाँदेखि आज आएको छ, म यसलाई पैल्याउँछु । (अ. २)
- साँझको पहेलो क्षणमा । (अ. ३)
- मध्यरात बितिसकेको । (अ. ३
- भुसिएको पानी तल भुइँमा रातभरि मलाई प्रिय छ । (अ. ३)
- सानोमा पहिलो राति फेरीवाललाई सुन्दा म डराएको थिएँ (अ. ३)
- मैले के के सोधे हुँला, बाबुले भन्नुभयो - "भोलि बिहान हेर्नु ।" (अ. ४)
- बिहान दैलोमा फेरीवाल आएर उभेछ । (अ. ५)
- राति अन्धकारका प्राणीहरू रम्रम्ती डुल्दा रहेछन् । (अ. ६)
- कालो रातमा झन कालो तिनीहरूको आकार । (अ. ६)
- "फेरीवाल एक्लै त्यति बेला निस्किन्छ ।" (अ. ७)

- पछि अनि एक रात फेरीवाल आयो । (अ. ७)
- एक बिहान थुप्रै थोक दिएर सोधेँ । (अ. ९)
- वीरत्वको युग थियो । (अ. १०)
- "आज पनि मेरो जोगी फेरी बजाएर रातमा समग्र द्वन्द्वी शक्तिहरूलाई आह्वान गरेर हिँड्छ ।" (अ. ११)
- एक दिन म सीमाना बजार पुगेको थिए । (अ. १२)
- एउटा आदर्श, मेरो एउटा रहस्यको, आज पतन भयो । (अ. २१)
- भोलि अर्को एउटाको हुन्छ । (अ. २१)
- हिजो राति फेरी लाग्यो भन्छ । (अ. २२)
- बिहान दैलोमा टाटेपाटे झोला खोलेर फेरीवाल उभि बसेको रहेछ । (अ. २२)
- मान्छेसँग पहिले आदर्श थिएन । (अ. २४)
- एउटा नाउँ नजानिएको कीराले एउटा दिनले जसरी जीवन बिताउँछ । (अ. २४)

# परिशिष्ट (ग)

## ‘एउटा विचारको यात्रापथ’ कथामा प्रयुक्त कोशीय सम्बद्धकहरू

**‘एउटा विचारको यात्रापथ’ कथामा प्रयुक्त पुनरावृत्त कोशीय शब्दहरू**

- छोरी, पेटी, छोरी, जीवन, जीवन, जीवन, जीवन, जीवन, जीवन (अ. १) = ९ ओटा
- जीवन, रहस्यहरू, अस्तित्त्व, जीवन, रहस्यहरू, रातभरी, फेरीवाल, फेरीवाल, घर, घर, कुकुर (अ. ३) = ११ ओटा
- राति, बाबु, बाबु, बाबु (अ. ४) = ४ ओटा
- फेरीवाल, अन्धकार, फेरीवाल, दैलो, आमा, आमा, फेरीवाल, फेरीवाल, फेरीवाल, सेतो, आमा (अ. ५) = ११ ओटा
- राति, अन्धकार, कालो, रातमा, कालो, आँखा (अ. ६) = ६ ओटा
- फेरीवाल, अँध्यारो, रहस्यहरू, रात, फेरीवाल, सेतो, घरभित्र (अ. ७) = ७ ओटा
- सेतो कुकुर (अ. ८) = २ ओटा
- आँखा, बिहान, शिव, जोगी (अ. ९) = ४ ओटा
- शिव, शिव, फेरी (अ. १०) = ३ ओटा
- जोगी, बजाएर (अ. ११) = २ ओटा
- बजार, दिन, ठेकेदार (अ. १२) = ३ ओटा
- कोठा, भित्र, धुवाँ, अन्धकार, कोठा, खुट्टा, मान्छे (अ. १३) = ७ ओटा
- मान्छे, मान्छे (अ. १४) = २ ओटा
- घर, जोगी, फेरीवाल (अ. १५) = ३ ओटा
- खुट्टा, मान्छे (अ. १६) = २ ओटा
- उज्यालो (अ. १७) = १ ओटा
- कालो, कोठा, अँध्यारो, फेरीवाल, फेरीवाल, ठाउँ, जमात, फेरीवाल, जमात, फेरीवाल, फेरीवाल, बाघ, बाघ, बाघ, बाघ (अ. १८) = १५
- कोठा, उज्यालो, कोठा, आगो, धुँवा, मान्छे, कोठा (अ. १९) = ७ ओटा
- बजार, दाज्यू, आदर्श, आदर्श, ईश्वर, ईश्वर, आदर्श (अ. २०) = ७ ओटा

- आदर्श, आदर्श, जीवन, घरको, दैलो, माग्ने, ठग्ने, घरमा, नियम, ठगार, घरको, नियम, दाना, इस्कुस, इस्कुस, दाना, ठगार (अ. २१) = १६ ओटा
- राति, फेरी, बिहान, फेरीवाल, आमा, दाना, इस्कुस, फेरीवाल (अ. २२) = ८ ओटा
- आदर्श, मानिस, सारा, सारा, आदर्श, मानिस (अ.२३) = ६ ओटा
- मान्छे, आदर्श, जीवन, जीवन, आदर्शहरू, जीवन, आदर्श, दिन, जीवन, जीवन, आदर्शहरू, जीवन, जीवन, जीन्दगी, आदर्शहरू (अ. २४) = १५ ओटा ।

  जम्मा = १५१ ओटा ।

# व्यक्तिवृत्त




| | | |
|---|---|---|
| नाम | : | विनोद सिंह नेगी |
| जन्ममिति | : | २०५२/८/५ |
| ठेगाना | : | मेलौली - १, बैतडी |
| बुवाको नाम | : | शिवराज सिंह नेगी |
| आमाको नाम | : | शूर्मा नेगी |
| नागरिकता | : | नेपाली |
| लिङ्ग | : | पुरूष |
| तह | : | स्नातकोत्तर तह (एम. एड) |
| सम्पर्क नं. | : | ९८६५६८८७९७ |
| इमेल आइ.डी. | : | binogsinghnegi6@gmail.com |


## शैक्षिक योग्यता

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री मणिलेक उ.मा.वि., मेलौली-१, बैतडी | २०६७ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री मणिलेक उ.मा.वि., मेलौली-१, बैतडी | २०७० | द्वितीय |
| स्नातक तह (बी.एड.) | मणिलेक क्याम्पस, मेलौली-१, बैतडी | २०७३ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७६ | - |